‘मिसन १.५’
विशेषाङ्क

नेपाली संस्करण

# लायन

हिउँद, २०२४ LIONMAGAZINE.ORG

## लायनहरू विशिष्ट अभियानमा संलग्न छन् ।

लायनहरुले पन्ध्र लाख सदस्य सङ्ख्या पुऱ्याउने लक्ष्य राखेका छन् । उनीहरुले पहिलेभन्दा अझ धेरै व्यक्तिलाई सेवा पुऱ्याउने लक्ष्य राखेका छन् ।

Lions International









# मेक्सिको सिटी २०२५

## अन्तर्राष्ट्रिय लायन्सको १०७औं सम्मेलन

### मेक्सिकोमा प्रसन्नताको पराकाष्ठा

**मेक्सिको सिटी पुग्नका लागि तपाईंको टिकट**

- मेक्सिको सिटीको समृद्ध इतिहास र संस्कृतिको अनुभव लिनुहोस ।
- स्थानीय संगीत, नृत्य र परम्परा मनाउनुहोस् ।
- उत्कृष्ट कलाको अनुभव गर्नुहोस्
- विभिन्न स्थानीय खानाको स्वादमा लिप्त हुनुहोस्

आजै **नाम दर्ता** गराऔं !

१०७ औं वार्षिक अन्तर्राष्ट्रिय सम्मेलन • मेक्सिको सिटी, मिक्सिको • जुलाई ४-८, २०२५



# विषयसूची हिउँद २०२४ • अङ्क १०६ • सङ्ख्या २


१ अध्यक्षज्यूको सन्देश

२ सभापतिको सन्देश

३ पूर्व अन्तर्राष्ट्रिय निर्देशकज्यूका सन्देश

६ वृहत् चित्र

८ समाचारमा

१६ विश्वव्यापी सेवा कार्य

३३ विश्वभरि सेवा कार्य

४८ एलसिआइएफ्को प्रभाव

५२ क्लब समाचारहरु

५९ देशभित्र

१०० जाँदा जाँदै






१९
**सबै जनाको दृष्टि 'मिसन १.५' मा**
पन्ध्र लाख सदस्य सङ्ख्या पुऱ्याउने लक्ष्य हासिल गर्ने सन्दर्भमा विश्वभरिका लायनहरू एकजुट भई हाम्रो सेवा कार्यको प्रभावलाई अभिवृद्धि गर्नमा दत्तचित रहेका छन्








१२
**खेलकुदका सुनौला क्षणहरू**
ससाना नानीहरुले अवकाश गृहमा रहेका ज्येष्ठ नागरिकहरूलाई प्रफुल्लित बनाइदिन्छन् ।

२७
**तगाराहरू छिचोल्दै**
नागरिक अधिकार आन्दोलन ताका उदाएका अग्रणी अश्वेत लायन्स क्लब

३७
**प्रिन्सेस पावर**
समुदायसँगको सम्बन्धलाई सुदृढ बनाउने सन्दर्भमा बालिकाहरू र प्रहरी अधिकृतहरु सँगसँगै नाच्छन् ।

४३
**सान्त्वनाका पन्जाहरू**
लायनहरु र तिनका कुकुरहरुले आवश्यकतामा परेकाहरुलाई सान्त्वना दिन्छन् ।

५१
**विरासतलाई फेला पार्दै**
नयाँ लायनले पुरानो स्मृतिचिहन फेला पार्दै आफ्ना हजुरबालाई सम्मान गरेका छन् ।


## हामी सेवा गर्छौं

**लायन्स अन्तर्राष्ट्रिय अभियान**

स्वास्थ्य तथा जीवनस्तरमा सुधार ल्याउन, समुदायलाई सबलीकरण गर्न तथा मानवीय सेवाको आवश्यकतामा रहेकाहरूलाई सेवा र सहयोग जुटाई विश्वभरि नै मानव जीवनलाई प्रभाव पार्ने तथा अन्तराष्ट्रिय शान्ति र सद्भावलाई अभिवृद्धि गर्ने दिशामा कार्यरत समस्त लायन्स क्लब, स्वयम्सेवक एवम् सहयोगीहरूलाई सशक्त बनाउनु


**पत्रिकाका लागि सम्पर्क राख्न**

ठेगाना परिवर्तन भएमा, पत्रिका वा अन्य कुनै अङ्कहरू प्राप्त नभएमा 630-468-7070 मा टेलिफोन सम्पर्क राख्नुहोला, वा MemberServiceCenter@lionsclubs.org मा इमेल गर्नुहोला ।
पत्रिकाका लागि कुनै विषयवस्तु वा सामग्री पठाउन इच्छुक हुनुहुन्छ भने magazine@lionsclubs.org मा इमेल गर्नुहोला ।

**लायनसँग सम्बन्धित थप कथाहरू पढ्न चाहनुहुन्छ ?**
लायनसँग सम्बन्धित थप कथाहरू पढ्न चाहनुहुन्छ ? यस अङ्कमा समाविष्ट कथाहरू पढ्नुहोस् । अनलाइन पनि पढ्न सक्नुहुन्छ । Lionmagazine.org

यस अङ्कको थप प्रतिहरूका लागि हाम्रो अनलाइन लायन्स पसलमा अर्डर गर्न सक्नुहुन्छ । Lionsclubs.org/shop

प्रेरणादायी भिडियोहरू हेर्नका लागि : Lionsclubs.org/video

# नयाँ एलसिआइएफ् अध्यक्ष सहयोगी पिन

तपाईंको उदार भावनाले मानिसको जीवनलाई परिवर्तन गर्न सकिन्छ । एलसिआइएफ् तपाईंबाट सहयोगको अपेक्षा राख्छ । एक पटकमा कम्तीमा युएस डलर ५० सहयोग गर्ने चन्दादाताहरूलाई यो लायन वर्ष अन्तर्राष्ट्रिय अध्यक्ष डा. प्याट्टी हिलको प्रेसिडेन्सियल एलसिआइएफ् सपोर्टर पिन प्राप्त गर्न योग्य मानिने छन् । यो पिन यस वर्षका लागिमात्र उपलब्ध रहने छ ।

**स्वर्ण पिन**

युएस डलर २०० र सोभन्दा माथि




**रजत पिन**

युएस डलर १०० - युएस डलर १९९




**कास्य पिन**

युएस डलर ५० - युएस डलर ९९




आजै चन्दा दिनुहोस्, र पिन प्राप्त गर्नुहोस् । | **lionsclubs.org/Donate**

Lions Clubs International
**FOUNDATION**

## चुनौतीमाथि विजय हासिल गर्दै



प्रिय लायनहरू,

हामी लायनहरु सन् २०२४ मा 'मिसन १.५' को तयारीमा लागिपरेका छौँ । पन्ध्र लाख जना सदस्य सङ्ख्या पुऱ्याउने हाम्रो लक्ष्य रहेको छ । आवश्यकतामा रहेकाहरूका लागि सेवा कार्य गर्ने हाम्रो क्षमता अभिवृद्धि गर्दै लानुपर्ने हुन्छ । विकास अपरिहार्य छ, र चुनौतीमाथि विजय हासिल गर्ने सन्दर्भमा तपाईंहरूले गरिरहनुभएको प्रयासदेखि म साँच्चिकै उत्प्रेरित भएकी छु ।

आगामी वर्षहरूमा बढीभन्दा बढी सदस्यहरु सहित हामी झन् बढी सेवा कार्य गर्न सक्षम हुने छौँ । साथै हाम्रा ऊर्जाबाट भविष्यमा शक्तिशाली तरङ्गका प्रभाव पैदा गर्न सकिने छ । जति हाम्रो उत्थान हुँदै जान्छ, सेवा कार्यका हाम्रा गाथाहरु वृद्धि हुँदै जाने छन्, हाम्रा सामूहिक आवाज बुलन्द हुँदै जाने छ, र हामी अझ बढीभन्दा बढी जनमानसलाई सेवा कार्यमा हामीसँग हातेमालो गर्नका लागि प्रेरित गर्न सक्ने छौँ ।

यो अभियान निकै जोसपूर्ण रहेको छ, र हामी लायनहरु उत्तिकै जोसिला छौँ । सुरो हुने बेला हो यो । आफ्ना क्लबमा मानिसहरूलाई आमन्त्रण गर्नमा हिच्किचाउनु हुँदैन । कसैले 'हुन्छ' भन्लान्, र कसैले 'अहिले होइन' भन्लान्, अपितु हतोत्साहित हुनु हुँदैन । 'होइन' को अर्थ 'कदापि' भन्ने हुँदैन । म आफैँलाई पनि पहिलो पल्ट लायन बन्नका लागि भनिँदा समय अनुकूल नहुनाले बन्न सकेकी थिइनँ । तर लायन बनिसकेपछि यसले मेरो जीवनलाई रूपान्तर गरिदिएको थियो । तपाईंसँग पनि कसैको जीवनलाई रूपान्तरण गर्ने क्षमता छ । बस्, तपाईंले उसलाई भन्न सक्नुपऱ्यो ।

हामी 'मिसन १.५' लक्ष्य हासिल गर्ने क्रममा सदस्य सङ्ख्या अभिवृद्धि गर्दै हाम्रा सेवा कार्यलाई बढाउँदै छौँ — यसरी नै हामी सबै जना एकजुट रही विश्वलाई रूपान्तरण गर्दै छौँ ।

तपाईंहरूकै,

*Dr. Patti Hill*

डा. प्याट्टी हिल

अन्तर्राष्ट्रिय अध्यक्ष,

लायन्स अन्तर्राष्ट्रिय

हामी सेवा गर्छौं

# सभापतिज्यूको सन्देश



**लायन बालकृष्ण बुर्लाकोटी**
**सभापति**

**आदरणीय लायन साथीहरू,**
**नमस्कार, अभिवादन** !

सामाजिक सेवाको उचाइमा आफूलाई स्थापित गर्न सफल लायन्स् अन्तर्राष्ट्रियको एउटा साधारण सदस्यबाट आज यहाँहरूकै सहयोगमा अन्तर्राष्ट्रिय निर्देशकका रूपमा नेपालको प्रतिनिधित्व गरिरहँदा गौरवको अनुभव हुन्छ । साथै काँधमा आएका जिम्मेवारीहरु तदारूकताका साथ सम्पन्न गर्ने/गराउने दायित्व बोधले उत्तिकै चिन्तित पनि बनाइरहेको छ । लायन्स् अन्तर्राष्ट्रियका निर्देशकहरु, बहु-जिल्ला तथा जिल्लाका प्राप्ति र अप्ठेराहरु, विविध राष्ट्रहरूमा उपस्थित भएर पूर्ण गर्नुपर्ने कार्यविधिहरूका अतिरिक्त नेपाली लायनवादको निरन्तरको उत्कर्षलाई कायम राख्ने प्रक्रिया आफैँमा अद्भूत र अलौकिक हुने रहेछ । लायनवर्ष २०२३/२०२४ को सम्पूर्ण आयामहरूको व्याख्या त इतिहासले गर्ला, यद्यपि म आफूले आफ्नो कर्तव्यलाई मन, वचन र कर्मले पूरा गर्ने प्रयास गर्दै आएको छु जस्तो लाग्छ ।

यस लायनवर्षमा नेपाली लायनहरूले विगतका अनेकौं कीर्तिमानहरु तोडेर अनेकौं नवीन कोषेढुङ्गाहरु स्थापित गर्न सफल भएका छन् । बहु-जिल्ला ३२५ पछिल्ला दिनहरु झैं नयाँ क्लब निर्माण तथा सदस्यता वृद्धिको आकलनमा विश्वको पहिलो लहरमा उभिन सफल भएको छ भने योगदानका क्षेत्रमा पनि हामी द्रुत गतिमा अगाडि बढिरहेका छौं । सेवाका कार्यमा हामी सर्वथा अग्र भागमा रहने गरेका छौं । सङ्गति हाम्रो अकल्पनीय छ अनि अतिथि सत्कारका विषयमा हाम्रो तारिफ विश्वको हरेक कुनामा हुने गर्छ । त्यसैले त लायन्स् अन्तर्राष्ट्रियका उपल्लो दर्जाका नेतृत्व वर्गले हरेक वर्ष नेपाल भ्रमण गर्ने इच्छा प्रकट गर्छन्, जसलाई हामीले खुला हृदयले स्वागत पनि गर्दै आएका छौं ।

विश्वमा मानव मात्रको अभाव र आवश्यकता दिनानुदिन बढ्दै गइरहेको छ साथै हामी लायन्सहरु प्रतिको अपेक्षा पनि सोही अनुपातमा वृद्धि हुनु स्वभाविक नै हो । कुनै पनि गैरसरकारी सङ्गठनसँग भएका गुठीहरु मध्ये एलसिआईएफ् दुनियाँको सबैभन्दा ठुलो गुठी हो । यसलाई अझै ठुलो बनाउँदै लैजानु हाम्रो प्रमुख कर्तव्यमध्ये एक हो, जसबाट हामी विश्वभरि धेरैभन्दा धेरै परियोजनाहरु सञ्चालन गर्न सक्छौं । यसै लायनवर्षमा पनि नेपालका धेरै परियोजनाहरु स्वीकृत भएका छन्, फलतः करिब बाइस लाख अमेरिकी डलर सेवा कार्यका निमित्त भित्रिने छ । आगामी लायनवर्ष २०२४/२०२५ मा हामीलाई एलसिआइएफ्मा प्रति सदस्य कम्तीमा नौ अमेरिकी डलर वरावरको रकम योगदान गर्नुपर्ने चुनौती प्राप्त भएको छ । जसनुसार नेपालले करिब चार लाख अमेरिकी डलर योगदान गर्नुपर्ने हुन्छ । यसमा जिल्लाको सदस्यता सङ्ख्या हेरेर प्रत्येक जिल्लाले बिसदेखि तिस हजार डलर एलसिआइएफमा योगदान गर्नुपर्ने हुन्छ । वर्ष २०२४ को वर्षभरी एम जे एफ दिने व्यक्तिलाई एलसिआईएफले दश प्रतिशत छुट दिने समेत घोषणा गरिसकेको छ । हामीले हरेक पटक हरेक चुनौतीलाई सहर्ष पूर्ण गरेका छौं, र यस चुनौतीलाई पनि समयमै पूरा गरिदिन हजुरहरु सम्पूर्णलाई विश्वाससहित अनुरोध गर्छु ।

यसैगरी लायन्स अन्तर्राष्ट्रियले सन् २०२७ को जुन महिनाभित्र विश्व लायनहरूको सदस्यता सङ्ख्या पन्ध्र लाख पुऱ्याउने उद्देश्यसहित 'मिसन १.५' को घोषणा गरिसकेको छ । विगतका दशकमा नेपालको प्रदर्शनदेखि अचम्भित भएको लायन्स अन्तर्राष्ट्रियले यो उद्देश्य प्राप्तिका निमित्त हामीलाई आशाको दृष्टिले हेर्नु अस्वाभाविक अवश्य होइन । हामीले पनि आपसी सल्लाहबाट एउटा लक्ष्य निर्धारित गरेका छौं, जसनुसार निर्धारित समयावधि अर्थात् जुन ३०, २०२७ सम्ममा नेपाल लायनवादको कुल सदस्य सङ्ख्या कम्तीमा ५५,००० पुर्याउने छौं । हामी विश्वास गर्छौं – 'धेरै हात धेरै सेवा' अनि 'जहाँ आवश्यकता त्यहाँ लायन' । यहाँहरूप्रति हाम्रो अगाध विश्वास छ, हजुरहरूले हाम्रो लक्षलाई अवश्य पूर्ण गर्नुहुने छ ।

प्राणी मात्रको सुख तथा शान्तिको कामना गर्दै धन्यवाद !

जय लायनवाद !

बालकृष्ण बुर्लाकोटी

# पूर्व अन्तर्राष्ट्रिय निर्देशकज्यूको सन्देश

आदरणीय लायन मित्रहरु,
नेपाली लायनले नेपालमै बसेर नेपाली भाषामा आफ्नो गाथा तथा सन्देश विश्वका दुई सयभन्दा बढी राष्ट्रमा शङ्खनाद गर्ने युग हो यो । विश्वका सात सयभन्दा धेरै निर्वाचित गभर्नरहरु उपस्थित भएको तालिम केन्द्रमा नेपाली निर्वाचित जिल्ला अध्यक्षहरु आकर्षणको केन्द्रमा रहेर आफ्ना सफलताका कथा वर्णन गर्ने युग हो यो । लायन्स् अन्तर्राष्ट्रियका आगामी अध्यक्षले पदीय हैसियतमा आफ्नो पहिलो भ्रमण गन्तव्य नेपाल हुने छ भनी मञ्चबाट उदघोष गर्ने युग हो यो । अन्तर्राष्ट्रिय नेतृत्वले विश्वको कुनै कुनामा क्लब स्थापना गर्न अनुरोध गर्दा नेपाली नेतृत्वको आह्वानमा नेपाली मित्रहरूले तुरून्तै त्यो चुनौती पूर्ण गर्ने युग हो यो । नेपालको कुनै पनि परियोजना सम्पन्न गर्न नेपाली लायनहरूले योगदान गर्ने रकम नेपालमै प्रयोग गर्ने प्रस्तावलाई अन्तर्राष्ट्रियले तुरून्तै अनुमोदन गर्ने तथा आवश्यक योगदान लायनहरूले समयावधि अगावै पूरा गर्ने युग हो यो । लायन्स् अन्तर्राष्ट्रियका भावी नेतृत्वको चयन, उहाँहरूको प्रचार, आवश्यकता अनुसारको सहयोग तथा लायनवर्ष सफल वनाउन नेपाली लायनहरूले प्रत्यक्ष भूमिका निर्वाह गर्ने युग हो यो । मेहनत, दृढ निश्चय, परोपकारी भावना, योगदानको क्षमता तथा सेवाप्रतिको समर्पणका कारण नेपाली लायन मित्रहरूले निर्माण गरेको लायनवादको पर्वतलाई विश्व समुदायले आशावादी दृष्टिले नियालेर अनुसरण गर्ने युग हो यो ।



**लायन इ. सञ्जय खेतान**
**ग्याट कस्टिच्यूस्नल लिडर**

प्रिय साथीहरु,
गएको एक दशक नेपाली लायनवादको स्वर्णिम युग बन्यो भनिएमा अतिशयोक्ति नहोला । नेपाली लायनहरूले सेवाका क्षेत्रमा, योगदानका क्षेत्रमा, सङ्गतिका क्षेत्रमा, नयाँ क्लब गठनका क्षेत्रमा, सदस्यता वृद्धिका क्षेत्रमा, नेतृत्व विकासका क्षेत्रमा, अनुशासनका क्षेत्रमा, अद्रलक्षणका क्षेत्रमा, भाषा संस्थापनका क्षेत्रमा साथै अतिथि सत्कारका क्षेत्रमा प्राप्त गरेको उपलब्धि अद्भूत रहेको छ । यी सम्पूर्ण उपलब्धिहरूको श्रेय विशेषतः नेपाली लायनवादका उपल्लो दर्जाका नेतृत्वगणलाई दिइने गरेको छ, जसको एक पात्र म आफू पनि हुँ । आजको यस सन्देशमा म आफ्नो अन्तरात्माको आवाज लिपिबद्ध गर्दै छु । माथि उल्लिखित जति पनि नेपाली लायनवादका प्राप्तिहरु छन्, यस पुरस्कारका वास्तविक हकदार भनेको हाम्रा पूर्व जिल्ला अध्यक्षहरु, जिल्ला अध्यक्षहरु, उप-जिल्ला अध्यक्षहरु, उदीयमान नेतृत्व वर्ग र अफ बढी त परिवारलाई दिनुपर्ने समय तथा अर्थ कटाएर सेवालाई आफ्नो प्राथमिकता दिने चालिस हजारभन्दा धेरै लायन साथीहरु नै हुन् । अलिकति पनि सङ्कोच नराखी गर्वका साथ म भन्थेँ, भन्छु र सर्वदा भनिरहने छु — नेपाली लायनवादलाई यस उत्कर्षमा पुऱ्याउने सम्पूर्ण श्रेय हजुरहरूलाई जान्छ । कुनै पनि अन्तर्राष्ट्रिय नेतृत्वले जब जब नेपालको तारिफ गर्छन्, त्यो बखत यो सञ्जय खेतानको छाती निकै चौडा हुने गर्छ, जुन छातीभित्र नेपालको मानचित्रमा हजुरहरूको माया र प्रेम स्थापित छ ।

मेरा लायन परिवार,
अत्यन्त मेहेनतका साथ परिश्रम गरेर प्रथम हुन त्यति कठिन नहोला, जति कठिन त्यस स्थानमा कायम भइरहन हुन्छ । यद्यपि वर्षौँवर्षसम्म हामीले नेपाली लायनवादलाई विश्व क्रमाङ्कको प्रथम पङ्तिमा स्थापित गर्न सफल भएका छौँ । अब त सारा संसारले हामीलाई आशा र विश्वासले हेरिरहनु नौलो विषय भएन । कुनै पनि समस्या, कुनै पनि चुनौती आउँदा लायन्स् अन्तर्राष्ट्रिय पनि ढुक्क भएर भन्न थालेको छ — 'हामीसँग नेपाली लायनहरु छन्, समस्या समाधान हुने छ ।'
नेपाली लायनवादको यस उन्नतिका निमित्त मेरा नेपाली लायनहरूलाई नतमस्तक भएर धन्यवाद र बधाई दिँदै यसको निरन्तरताको पनि विश्वास राखेको छु । हामीले आफ्नो पाटोको योगदान पनि पूर्ण गर्ने छौँ, र 'उद्देश्य पन्ध्र लाख'को आफ्नो जिम्मेवारी समय अगावै पूर्ण गर्ने छौँ । हामी अग्रपङ्क्तिमै रहने छौँ ।

सञ्जय खेतान



लायन अनन्त प्रसाद भेटुवाल
प्रधान सम्पादक

विभिन्न आरोह अवरोह हुँदै सेवाको पथमा निरन्तर यात्री बनेर योगदानका गोरेटाहरूको चुनौती स्वीकार गर्दै सङ्गतिको आँगनमा अलि अलि सुस्ताउँदै लायन वर्ष २०२३/२०२४ फलदायी परिणाम पस्केर समाप्त भएको छ । पन्ध्र वटा जिल्लाका साठी वटा परिषद् बैठकहरु, पन्ध्रै वटा वार्षिक अधिवेशन, बहु-जिल्ला वार्षिक अधिवेशन, दुई रात तीनदिने पन्ध्र वटा जिल्ला परिषद् अधिकारी तालिम, पन्ध्र वटा क्लव अधिकारी तालिम, गभर्नर उप-गभर्नरहरूको तालिम, क्षेत्रीय लायन्स् नेतृत्व तालिम, वैश्विक अनुयोजन समूह निर्वाचिका सभा, त्यसको समीक्षा बैठक, विभिन्न जिल्ला लायन्स् नेतृत्व तालिम, लायन्स् क्लब्स् अन्तर्राष्ट्रिय प्रतिष्ठानका अनेकौं कार्यक्रम, सदस्यता वृद्धिका लागि अनेकौं गोष्ठी, महिला संगोष्ठीहरु, अन्तर्राष्ट्रिय नेतृत्वगणको नेपाल भ्रमणका क्रममा आयोजित क्रियाकलापहरु अनि क्लबहरूले आयोजना गरेका हजारौं सेवाका कार्यहरूले यो वर्ष समग्र रूपमा लायनमय बन्न पुगेको अनुभूति सारा विश्वले गरेको छ ।
लायन्स् अन्तर्राष्ट्रियले पारिवारिक सदस्यहरूलाई मतदान सङ्ख्या आकलन गणनाबाट हटाएपश्चात् पन्ध्रै वटा जिल्लाका अधिवेशनहरूमा मतदाता सङ्ख्या निकै कम रहेको पाइयो । लायन सदस्यहरु राजनीतिमा भन्दा कार्यगतिमा रमाउने सेवाभावी मानवहरूको समूह हो । यी साथीहरु खुट्टा तान्नमा होइन, काँधमा बोकेर उचाइ पार गराउनुमा गर्व महसुस गर्छन् । यद्यपि कहीँ कतै उत्कर्षको उन्माद र अप्राप्यको झन्झनाहटले संस्थाको नीतिगत गति र उदारतामा ह्रास ल्याइरहेको अनुभव नेपाली लायनहरूले गरिरहेका छन् । नेतृत्व तहमा बहस, स्वस्थ प्रतिस्पर्धा, वैचारिक द्वन्द्व, उत्कर्षको होडवाजी र समान विचारधारीहरु बिचको सामिप्य एकदमै सामान्य र प्रजातान्त्रिक पद्धति हो, तर सेवा र योगदानलाई नै एकमात्र लक्ष्य बनाएर बसेका क्लब स्तरका सदस्य साथीहरूसम्म माथिल्लो तहको मतभेदहरूलाई पुग्न दिने विषय भने कदापी सही हुन सक्दैन । नेपाली लायनवादका नेतृत्व वर्ग सजग हुनुपर्ने अवस्था आइसकेको छ । बेलैमा होस नपुर्‍याइएमा ठूलो नोक्सानी हुन सक्छ ।
लायनवर्ष २०२४/२०२५ का लागि अन्तर्राष्ट्रिय अध्यक्ष लायन फेब्रिसियो ओलिभेराले भन्नुभएको छ, "अध्यक्षका हैसियतले मेरो प्रथम अन्तर्राष्ट्रिय भ्रमण नेपालको हुने छ ।" आहा, नेपाली लायनवादको उत्कर्ष आफैँमा अलौकिक र अद्वितीय बन्दै गइरहेको छ ! हाम्रो वृद्धि, अनुशासन, एकता र कार्यशैलीप्रति सारा विश्व नतमस्तक छ । यस प्राप्तिलाई निरन्तरता दिएर भविष्यमा नेपाललाई ब्रह्माण्डको महानायक बनाउने कर्ममा हाम्रा नेतागणले प्रदान गरेको भूमिका नमन गर्न लायक छ, र आगामी दिनहरूमा पनि यही उत्साह तथा जाँगर कायम रहने छ भन्ने विश्वास यस राष्ट्रका आधा लाख लायनहरूले मनभित्र सँगालेर राखेका छन् । हाम्रो विश्वास अवश्य पनि मर्ने छैन ।
धन्यवाद ! जय लायनवाद !

नेपाली लायनहरु तथा
लायन म्यागेजिनको तर्फबाट
**लायन वर्ष**
**२०२४-२०२५ को**

# पूर्ण सफल कार्यकालको शुभकामना



**लायन फेब्रिसियो ओलिभेरा**
अन्तर्राष्ट्रिय अध्यक्ष
लायन्स अन्तर्राष्ट्रिय
लायन वर्ष २०२४-२०२५




## लायनहरूको सिम्फोनी सेवा उत्सव मनाइँदै

प्रत्येक वर्ष नयाँ वर्षका दिन क्यालिफोर्नियाको पासाडेनाका सडकमा झन्डै सात लाख दर्शकहरु ओइरिन्छन् । त्यहाँ हुने रोज परेडको दृश्य र सङ्गीतको मजा लिनका लागि विश्वभरिका लाखौँ दर्शकहरु त्यहाँ आउँछन् । विगत ३३ वर्षदेखि अन्तर्राष्ट्रिय लायन्सले ५५ फिटको झाँकीसहित यस परम्परामा सहभागिता जनाउँदै आएको छ । त्यस झाँकीलाई दसौँ हजार फूल, पोते, माला आदिद्वारा सिँगारी लायन्सको विश्वव्यापी सेवा कार्यलाई प्रदर्शन गरिएको हुन्छ ।

सन् २०२४ को परेडको शीर्षक – सेलेब्रेटिङ अ वर्ल्ड अफ म्युजिक : दि युनिभर्सल ल्याङ्ग्वेज प्रतिविम्बित हुने गरी लायन्सको झाँकी बनाइएको थियो । स्थानीय लायन्स क्लबमा सहभागी हुनु भनेको मानवीय सेवा कार्यमार्फत सौहार्दपूर्ण विश्व निर्माणका लागि कार्यरत चौध लाखभन्दा बढी व्यक्तिहरूको विश्वव्यापी समूहसँग जोडिनु हो भन्ने सन्देश यस झाँकीले प्रस्तुत गरेको थियो ।



## लायन नेतृत्वद्वारा सेवा कार्य सप्ताहका लागि केन्याको भ्रमण




**सन् २०२३ को अक्टोबर महिनामा अध्यक्ष डा. प्याट्टी हिल तथा अन्य कार्यकारी अधिकृत तथा अन्तर्राष्ट्रिय लायन्स क्लबका बोर्ड डाइरेक्टरहरू सेवा कार्य सप्ताहमा भाग लिने सिलसिलामा केन्या प्रस्थान गरेका थिए ।**

हाम्रा अन्तर्राष्ट्रिय नेतृत्व पङ्क्तिका लागि यो सप्ताह प्रेरणादायी एवम् उत्पादनमूलक रहेको थियो । युवा सशक्तीकरण, भोकाएकाहरूका लागि भोजन, वातावरण संरक्षण आदि मुद्दामा केन्द्रित परियोजनाहरूमा उनीहरू संलग्न रहेका थिए ।

केन्याका केही उल्लेखनीय उपलब्धिहरू देहायअनुसार रहेका छन् :

- स्थानीय परिवारहरूलाई ५० थान सोलार कुकर प्रदान
- ५० परिवारका लागि भोजनको व्यवस्था
- ३५० जनाको मधुमेह परीक्षण
- ४५० जना केटाकेटीको दन्त परीक्षण
- नसुलाई कन्जर्भेटरीमा नवस्थापित लायन्स वनमा ५०० ओटा वृक्षारोपण
- सेकेनानी गर्ल्स स्कुलमा अध्ययनरत अनिकालबाट पीडित ६०० जना छात्रालाई स्वस्थकर भोजन वितरण
- प्राथमिक विद्यालयका १,१०० जना बालबालिकालाई भोजन वितरण
- १,१०० जना बालबालिकाको नेत्र परीक्षण

## भिडियो प्रतियोगितामा ब्राजिल लिओ क्लब विजयी

**सन् २०२३ को अन्तर्राष्ट्रिय भिडियो प्रतियोगितामा लिओ क्लबहरूलाई हरियाली प्रबर्द्धन गर्ने दिशामा आफ्ना अनुभवहरू साटासाट गर्नका लागि आमन्त्रण गरिएको थियो ।**

अनेकौं क्लबहरूले वातावरणमा सकारात्मक प्रभावका दिशामा उनीहरूले गरेका कार्यबारे आफ्ना अनुभवहरू आदानप्रदान गरेका थिए। तीमध्ये *लिओ क्लब अफ मोन्टे अजुल पौलिस्टा-२* को *'ग्रिन रुट्स : दि लिगेसी अफ लिओ क्लब मोन्टे अजुल पौलिस्टा-२'* शीर्षकको भिडियोले ग्रान्ड प्राइज जितेको थियो।




उत्कृष्ट भिडिओहरू हेर्नका लागि **lionsclubs.org/leo-video-contest** मा जानुहोस् ।

## लायन पत्रिका मार्फत आफ्नो क्लबलाई प्रबर्द्धन गरौं

### विश्वभरिका समुदायहरूमा लायन्सको सकारात्मक प्रभावलाई प्रदर्शन गर्ने दिशामा लायन म्यागाजिन एक सशक्त माध्यम हो ।

आफ्नो क्लबलाई प्रबर्द्धन गर्ने सन्दर्भमा पत्रिकालाई कसरी प्रयोग गर्न सकिन्छ भन्नेबारे यहाँ केही उपायहरू दिइएका छन् :

१. स्थानीय कार्यक्रममा उपहारका रूपमा प्रदान गर्नुहोस् । आगन्तुकहरूलाई दिनका लागि टेबल वा बुथमा राख्नुहोस् वा उपहार झोलाभित्र हाल्नुहोस् ।

२. कोही पनि व्यक्तिले कुनै पनि बेला लायनका सम्बन्धमा सोधपुछ गर्न सक्छ । तसर्थ सधैँ केही थान पत्रिका आफूसँगै राख्नुहोस् ।

३. स्थानीय पुस्तकालय र व्यापारिक स्थलका प्रतीक्षालयमा राख्ने प्रयोजनका लागि केही थान पत्रिका दिनुहोस् ।

लायन्स पसलमा १० थान पत्रिकाको एक बन्डल खरिद गर्न सकिन्छ । अर्डरका लागि **lionsclubs.org/shop** मा जानुहोस् वा दायाँपट्टिको *क्युआर कोड स्क्यान* गर्नुहोस् ।



*दि हाई स्प्रिङ्स लायन्स क्लब*की लायन मार्सा सुलिवाँले *सेकेन्ड एनुअल बाइक एन्ड कार सो*मा वितरण गर्ने प्रयोजनले लायन म्यागाजिनका प्रतिहरूमा प्रबर्द्धनात्मक *स्टिकर*हरू प्रयोग गरेकी थिइन् ।

**आजै अर्डर गर्नुहोस्, र एक *प्याकेट स्टिकर* नि:शुल्क प्राप्त गर्नुहोस् !**




## *ब्रान्डेड टेम्प्लेट*हरूद्वारा आफ्नो क्लबलाई उठाऔँ

### व्यावसायिक जस्तो देखिने प्रबर्द्धनात्मक सामग्रीहरू बनाउनका लागि पेसेवर व्यवसायी नै हुनुपर्छ भन्ने कुनै जरुरी छैन ।

हाम्रा ब्रान्ड एडभान्स तथा सोसल मिडिया सामग्रीहरूमा अन्तर्राष्ट्रिय लायन्सका विविध प्रकार र आकारका ब्रान्डेड टेम्प्लेटहरू समेटिएका छन् । आफ्नो क्लबलाई प्रबर्द्धन गर्ने सन्दर्भमा तिनलाई आफ्नो आवश्यकता र अनुकूलअनुसार परिमार्जन गर्न सकिन्छ ।




- ब्रोसेर तथा पोस्टकार्ड
- पावरप्वाइन्ट
- साइनेज
- सोसल मिडिया ग्राफिक्स तथा टेम्प्लेट
- अरू धेरै !

सामग्रीहरूका लागि **lionsclubs.org/brand** मा जानुहोस् ।

# करुणाको थालनी

**चिक-फिल-अ पिच बाउल (अमेरिकामा प्रचलित एक किसिमको फुटबल खेल) का लागि अन्तर्राष्ट्रिय लायन्सले औपचारिक प्रायोजकको भूमिका निर्वाह गरेको छ ।**

सन् २०२३ को डिसेम्बर ३० तारिखका दिन अन्तर्राष्ट्रिय लायन्सले *चिक-फिल-अ पिच बाउल* परेडबाट महोत्सवको थालनी गरेको थियो । एलसिआइएफ चियरपर्सन ब्रायन सिहानले ग्रान्ड मार्सलको भूमिका निर्वाह गर्दै झाँकी, ब्यान्ड, चियरलिडर्स (खेल मैदानमा नृत्य गर्ने युवतीहरूको टोली), मास्कट एवम् मार्च गरिरहेका लायनहरूलाई एटलान्टाको मध्य सहरदेखि अगुवाइ गरेका थिए ।

त्यहाँको रमाइलोबिच फुटबलका प्रशंसकहरूले एक लायनका रूपमा सेवा कार्य परियोजनामा सहभागी बन्नुको आनन्द कस्तो हुन्छ भन्ने बुझेका थिए । सबै उमेर समूहका प्रशंसकहरूले एटलान्टाका सर्वाधिक विपन्न जनसमुदायलाई प्रफुल्लित पार्ने खालका प्रेरक पोस्टकार्ड लेखी सिँगारेका थिए ।







खेलप्रेमीहरूले लायनहरूसँग कुराकानी गर्ने अवसर पनि पाएका थिए । रङ्गशालाभित्र प्रवेश गर्नु अगाडी उनीहरूले रमाइलो कार्यक्रम पनि हेरेका थिए ।

## तपाईंलाई थाहा छ ?

सन् १९६८ मा दि जर्जिया लायन्स लाइटहाउस फाउन्डेसनका लागि कोष सङ्कलन गर्ने सन्दर्भमा दि लायन्स क्लब अफ एटलान्टाले पिच बाउलको सुरुआत गरेको थियो । सन् १९८६ मा यसको व्यवस्थापनमा परिवर्तन भएको थियो । तथापि मुलुकभरि नै सर्वाधिक परोपकारी बाउल गेमका रूपमा यसको निरन्तरता कायम रहेको छ । लायनहरू यस कार्यक्रमको अङ्गका रूपमा रहँदै आएका छन् ।

# 'विश्व पृथ्वी दिवस, २०२४' का लागि तयार रहौं

**"विश्व पृथ्वी दिवस" अप्रिल २२ का दिन पर्छ ।**

आजको हाम्रा क्रियाकलापले भोलिको विश्व निर्माणमा सघाउँछ भन्नेबारे यो विश्वव्यापी महोत्सवले हामीलाई स्मरण गराउँछ । तसर्थ आफ्नो क्लबको 'पृथ्वी दिवस'का लागि सेवा परियोजनाबारे आजै योजना बनाऔँ । यस सम्बन्धमा केही सम्भाव्य परियोजनाको सूची तल दिइएको छ ः

- वृक्षारोपण
- स्थानीय पार्कको सरसफाइ
- पुनःप्रयोगबारे सामुदायिक सचेतना कार्यक्रमको आयोजना
- ग्रिन लिभिङ' (पृथ्वीका प्राकृतिक स्रोत तथा जीवजन्तुको संरक्षण तथा संबर्द्धन अनुकूलको जीवन शैली) बारे समुदायका लागि जानकारीमूलक कार्यक्रम

**थप जानकारीका लागिः**
**lionsclubs.org/environment.**



# समाचारमा

## सामाजिक सञ्जालमा सुनिएका कुरा

"अरूलाई नि:शुल्क केही दिएपछि फर्किने मूल्य धनको भारभन्दा निकै गह्रौं हुन्छ । मेरो समूहका लायनहरू सदा मसँग रहन्छन् ।"
– लायन लेज्ले वार्ड

"अरूका लागि सेवा कार्य गर्न पाउँदा र उनीहरूका मुहारमा खुसी र कृतज्ञताका भाव देख्दा मलाई खुसी लाग्छ । यसलाई म समाजसँग भिज्न र जीवनभरि आफू स्वयम्लाई महत्वपूर्ण बनाइराख्नका लागि लगानीका रूपमा लिन्छु ।"
– लायन ट्युटा सुल्सटारोभा सेहु

"मलाई लायन्स गन्जी लगाउन औधी मन पर्छ । यसले जनसाधारणका माझ त्यहाँ लायन्स क्लबको उपस्थितिमा केही न केही क्रियाकलाप भइरहेको छ भन्ने सङ्केत गर्छ । यो नै हाम्रो बिलबोर्ड हो, र ठूलो ब्रान्डिङ तथा विज्ञापन पनि ।"
– लायन प्याट रेसेर स्ट्रङ

"विश्वका जनताबिच समझदारीको भावना सिर्जना गर्नु र त्यसलाई हुर्काउनु लायन्सको मलाई मन पर्ने उद्देश्यमा पर्छ किनभने यो अत्यावश्यक कुरा हो ।"
– लायन गेरी बेट्स

Follow @lionsclubs

## सङ्ख्यामा

**७९**

वर्ष भइसकेछ, अन्तर्राष्ट्रिय लायन्सले एक गैरसरकारी सल्लाहकार संस्थाका रूपमा संयुक्त राष्ट्र सङ्घका लागि सेवा पुऱ्याउँदै आएको । सन् १९४५ मा लायन नेतृत्वलाई गैरसरकारी संस्थाको बडापत्र तयार गर्ने सन्दर्भमा सहयोग मागिएको थियो ।

**२८०**

छाक भोजनको तयारी : दि सिफ्रन्ट लायन्स क्लबका सदस्य लगायत सम्भाव्य सदस्यहरूबाट पोर्ट अफ स्पेन, ट्रिनिडाडका घरबारविहीनहरूका लागि

**१८,०००**

खेलौना : ७५ औं सिटिभी लायन्स चिल्ड्रेन्ज क्रिसमस टेलेथोनका अवसरमा सङ्कलित रकमबाट खरिद गरी हालसालै विदाको मौसममा उत्तरपूर्वी ओन्टारिओ, क्यानाडाका परिवारहरूलाई वितरण

**१६०,०००**

विद्यार्थीहरूको दृष्टि परीक्षण : विगत एक दशक अवधिमा अलास्कामा दि अलास्का लायन्स क्लब केयर-ए-भ्यान फर भिजन प्रोग्रामअन्तर्गत दृष्टि परीक्षण सम्पन्न

# खेलकुदका सुनौला क्षणहरू

सघाना नानीहरूले अवकाश गृहमा रहेका ज्येष्ठ नागरिकहरूलाई प्रफुल्लित बनाइदिन्छन् ।

जोन केरी

अवकाश गृहमा बस्नेहरूका लागि कोही आगन्तुक आउँदा सुखद अनुभूति हुनु स्वाभाविक नै हुन्छ । त्यसमाथि झन् ती आगन्तुकहरू टुकुटुकु हिँड्दै आएका गुलाबी गाला भएका हँसिला चुलबुले केटाकेटीहरू भएपछि त्यहाँ बस्नेहरू झन् प्रफुल्ल हुन्छन् ।



क्यानाडाको न्युफाउन्डल्यान्ड र लाब्राडोरमा दि सर्कल अफ लाइफ प्रोग्रामअन्तर्गत ज्येष्ठ नागरिकहरू तथा केटाकेटीलाई सँगै राखेर कथा भन्ने, गीत गाउने तथा एकअर्कासँग घुलमिल हुन लगाइन्छ। महिनामा एक पल्ट स्वयम्सेवी आमाहरू र परिचारिकाहरूसँग तिनका केटाकेटीहरू त्यहाँ आइपुग्दा ज्येष्ठ नागरिकहरू आफ्ना साना साथीहरूलाई स्वागत गर्न उत्साहित हुन्छन्।

सन् २०२२ मा दि पोर्चुगल कोभ–सेन्ट फिलिप्ज लायन्स क्लबका लायन अलिए बोयडले यो कार्यक्रम सुरु गरेकी थिइन्। वृद्धवृद्धाहरूसँग काम गर्दा ताका उनको गर्भमा दोस्रो बच्चा थियो। त्यसै ताका उनलाई यो विचार फुरेको थियो। उनी भन्छिन्, "वृद्ध महिलाहरू केटाकेटीहरूबारे कुरा गर्न चाहन्थे। उनीहरू आफ्ना केटाकेटीलाई हुर्काउँदाको अनुभव सुनाउँदा रमाइलो मान्थे।"

यस प्रकारको कार्यक्रम थालनी गर्ने उपयुक्त समय भएको थियो। कोभिड-१९ का कारण लगाइएका प्रतिबन्धहरू भर्खर खुला भएका थिए। मानिसहरू अर्थपूर्ण सम्पर्कका लागि लालायित थिए। बोयड भन्छिन्, "ज्येष्ठ नागरिकहरू निकै लामो समयदेखि एकान्तवासमा रहेका थिए। ससाना केटाकेटीहरूसँग बस्न पाउँदा र तिनका आमाहरूसँग कुरा गर्न पाउँदा उनीहरू निकै खुसी मान्छन्।

दि सर्कल अफ लाइफको व्यवस्थापन क्लबले गर्ने गर्छ। कार्यक्रमसँग कसरी संलग्न हुने भन्नेबारे 'लिटिल लायन्स' फेसबुक पेजमार्फत इच्छुक आमाबुबाले जानकारी हासिल गर्न सक्छन्। हुनत यो कार्यक्रम प्रारम्भिक अवस्थामा नै रहेको छ, अपितु यसको बढ्दो लोकप्रियतासँगै त्यस प्रदेशका आठ ओटा लायन्स क्लबले यो कार्यक्रम सञ्चालन गरिसकेका छन्।

ससाना केटाकेटी र ज्येष्ठ नागरिकहरू सँगै बसेर के गर्न मन पराउँछन् भन्ने प्रश्नका सन्दर्भमा बिसप्स गार्डेन सिनियर लिभिङमा बस्ने ९५ वर्षीय हेलेन नेल स्प्युरेल भन्छिन्, "उनीहरूलाई अँगालो हालेर बोक्नु।"

> **"ज्येष्ठ नागरिकहरु निकै लामो समयदेखि एकान्तवासमा रहेका थिए। ससाना केटाकेटीहरुसँग बस्न पाउँदा र तिनका आमाहरुसँग कुरा गर्न पाउँदा उनीहरु निकै खुसी हुन्छन्।"**
> **– लायन अलिए बोयड**

अँगालोमा बोक्ने समयका अतिरिक्त त्यहाँका निवासीहरू आफूहरूले उहिले आफ्ना केटाकेटीका लागि गाएका नर्सरी गीतहरू गाउने गर्छन्। बिसप्स गार्डेन्सका रिक्रियसन थेरापिस्ट स्टेफनी नेभिलेका अनुसार 'डेजी, डेजी' र 'यु आर माई सनसाइन' उनीहरूका मन पर्ने गीतमध्ये पर्छन्।








डिमेन्सियाबाट पीडित ज्येष्ठ नागरिकहरूका लागि यस्ता भेटघाटहरू विशेष महत्त्वपूर्ण हुन्छन् । युवा आमाहरू र तिनका केटाकेटीले गाएका ती पुराना परिचित गीतहरूले उनीहरूलाई सुखद स्मृतिहरूसँग गाँसिदिन्छन् । उनीहरूका परिवारजनले यस कार्यक्रमलाई निकै प्रशंसा गरेका छन् । उनीहरूको भनाइअनुसार केटाकेटीहरू आउनाले त्यहाँ बस्ने तिनका आफन्तहरू बढी चनाखो र सक्रिय रहन थालेका छन् ।

बोयड भन्छिन्, “यी ज्येष्ठ नागरिकहरूका मुहारमा खुसी देख्दा एक किसिमको गजब अनुभव हुन्छ ।”

घरैमा बसिरहेका वा विदामा बसिरहेका युवा आमाहरूलाई पनि यस्ता जमघटमा जाँदा नियास्रोपनको अनुभूतिबाट छुटकारा मिल्छ । यसबाट उनीहरूलाई अनुभवी आमाहरूसँग भेट्न पाउने मौका जुर्छ, र उनीहरूको स्मृतिका कथा पनि सुन्न पाइन्छ ।

अपितु स्प्युरेलका अनुसार ज्येष्ठ नागरिकहरू युवा आमाहरूलाई उति साह्रो राय सल्लाह दिँदैनन् । उनी भन्छिन्, “उनीहरू आफ्नै पाराले राम्रो गरिरहेका छन् । ससाना केटाकेटीहरू हिसी परेका हुन्छन् । त्यसैल म भन्छु ‘आफूले सकेको बेला नै हो रमाइलो गर्ने, किनकी समय एकदम छिटो गइरहेको हुन्छ’ ।”

## अस्ट्रेलिया

# आम चलनदेखि भिन्न

### लायन जङ्गल क्याम्पले केटाकेटी तथा वातावरणलाई सघाएको छ ।

अस्ट्रेलियाको भिक्टोरियास्थित लिकोला गाउँको जङ्गलमा लायनहरूले एक हप्ता बिताएका थिए । उनीहरू थप आत्मविश्वासका अतिरिक्त नयाँ साथीहरूसँगका रमाइला स्मृति बोकेर फर्केका थिए । त्यहाँ उनीहरूले आम चलनको जीवनलाई नअपनाउँदा र वातावरणलाई सघाउँदाको गौरवको अनुभव गरेका थिए । तर सधैं यस्तो हुँदैन ।

लिकोलाको बस्ती मेलबर्नदेखि करिब २५४ कि. मि. पूर्व दिशामा पर्छ । यसको स्वामित्व दि लायन्स क्लब अफ भिक्टोरिया र दक्षिणी न्यु साउथ वेल्समा रहेको छ । लिकोलाको उजाड गाउँमा लायनहरूले आठ वर्षदेखि एघार वर्ष उमेरका विशेष आवश्यकता भएका, शरणार्थी तथा विपन्न केटाकेटीहरूका लागि गर्मीयाममा क्याम्प सञ्चालन गर्दै आएका छन् । उनीहरूले यो कार्यक्रम सन् १९७३ देखि सञ्चालन गर्दै आएका छन् ।

**समर्पित स्वयम्सेवक लायन सिन्थिया सेडेरिनो भन्छिन्, "यस क्याम्पले केटाकेटीहरूको जीवनमा महत्त्वपूर्ण परिवर्तन ल्याइदिन सक्छ । यसबाट उनीहरूमा यथेष्ट आत्मविश्वास पैदा हुनपुग्छ ।"**

सन् २०१९ मा लायन्सले क्याम्पमा डिजल जेनरेटरका बदला सौर्य ऊर्जा जडान गर्नका लागि ८६०,००० अस्ट्रेलियन डलर लगानी गरेको थियो । अहिले त्यहाँ छ सय थान सोलार प्यानल रहेका छन् । रङ्गशालाको छाना, डाँडाको छेउ र मालसामान ढुवानीका लागि प्रयोग गरिने कन्टेनरमा तिनका ब्याट्री जडान गरिएका छन् । त्यस प्रदेशभरि आफैँले ऊर्जा उत्पादन गर्ने, पानी तान्ने तथा फोहोर व्यवस्थापन गर्ने यही एउटा मात्र बस्ती हो ।

लिकोला बोर्ड चियरम्यान लायन डेनिस करुथर्स भन्छन्, "हामीले सम्पादन गरेका कार्यमध्ये यो सर्वोत्कृष्ट कार्य हो ।"

क्याम्पले वार्षिक करिब १३५,००० अस्ट्रेलियन डलर इन्धन खर्च बचाउँदो ञरहेछ । आठ वर्षपछि उनीहरूको प्रारम्भिक लगानी उठ्ने लायन्सको अपेक्षा रहेको छ । महत्त्वपूर्ण कुरा, विश्व वातावरण परिवर्तनका प्रमुख कारक कार्बन उत्सर्जनलाई क्याम्पले ६५५ का दरले घटाइसकेको छ ।

विगत अर्धशताब्दीको अवधिमा यस वस्तीले लामो यात्रा तय गरिसकेको छ । मौलिक रूपमा ३४ एकड क्षेत्रफलको यो जमिन झाडीदार गाउँ थियो । त्यहाँ एउटा काठ चिर्ने कारखाना रहेको थियो । कारखानामा काम गर्ने कामदारहरू वासबोर्डबाट बनेका सोह्र ओटा घरमा बस्थे । ती घर अहिले क्याम्प बस्न आउनेहरूका कोठा बनेका छन् । त्यहाँ एउटा सानो पसल, हुलाक कार्यालय र ग्यास स्टेसन (पेट्रोल पम्प) थियो । सन् १९६६ मा



आगलागीबाट कारखाना ध्वस्त भएपछि त्यो वस्ती बिक्रीका लागि राखिएको थियो । परन्तु जमिन बिक्री हुन सकेको थिएन । त्यहाँ यात्रीहरू र केही भेडाहरू घुम्दै आइपुग्थे ।

दुई जना लायन्सले त्यस जमिनको सौन्दर्यलाई देखेका थिए । जमिनमा निहित सम्भाव्य अवसर र आफ्ना दूरदृष्टिबारे उनीहरूले अरू लायन सहकर्मीहरूलाई बताएका थिए । सन् १९६९ मा उनीहरूले २०,००० अस्ट्रेलियन डलरमा केटाकेटीका लागि जङ्गल क्याम्प प्रयोजनका लागि त्यो जमिन किनेका थिए । भिक्टोरियाभरिका लायनहरूले त्यहाँ सप्ताहन्त बिताउँदै क्याम्प निर्माण गरेका थिए । सन् १९७३ मा क्याम्प खुला गरिएको थियो ।

आज लायन्सले केटाकेटीहरूका लागि सम्पूर्ण खर्च तथा यातायातका लागि प्रायोजन गरिदिन्छन् । भिक्टोरियाका अलग अलग लायन्स क्लबहरूले क्याबिनहरू पनि प्रायोजन गर्छन् । उनीहरूले 'वर्किङ बिज' (परोपकारी कार्यका लागि स्वयम्सेवा गर्नेहरूको टोली) वा क्लबको कामका दिनहरू तय गर्छन् । उनीहरूले मर्मतसम्भार कार्यमा सघाउँछन्, र लिकोलाप्रति उनीहरूको गर्वलाई प्रदर्शन गर्छन् ।

क्याम्प प्रबन्धक ट्रेभोर कार्सटेनले बताएअनुसार कोरोना महामारीदेखि कम स्टाफ र स्वयम्सेवकहरूको अभावका कारण कहिलेकाहीँ क्याम्पको दिनचर्या चुनौतीपूर्ण बन्न पुग्छ । तर अहिले ऊर्जाका लागि उनीहरूसँग भरपर्दो साधन छ । क्याम्पिङका लागि आउनेहरूलाई जेनेटरको पट्यारलाग्दो ध्वनिका कारण निद्रा लाग्दैन, बरु चराहरूको चिरबिर आवाजसँगै उनीहरू ब्युँझिन्छन् ।

समर्पित स्वयम्सेवक लायन सिन्थिया सेडेरिनो भन्छिन्, "यस क्याम्पले केटाकेटीहरूको जीवनमा महत्त्वपूर्ण परिवर्तन ल्याइदिन सक्छ । यसबाट उनीहरूमा यथेष्ट आत्मविश्वास पैदा हुनपुग्छ ।"

क्याम्पबारे थप जानकारीका लागि licola.org.au मा जानुहोस् ।

## संयुक्त राज्य अमेरिका

# ताजा सुरुआत

### नयाँ कार्यक्रमले शरणार्थीहरूलाई स्वागत गर्ने कार्यमा क्लबहरूलाई सघाउँछ ।

न्यु जर्सीमा दि एडिसन भिजनरी लायन्स क्लब अफगानिस्तानबाट आएका दुई शरणार्थी परिवारलाई स्वागत गर्नमा व्यस्त रहेको थियो ।

अन्तर्राष्ट्रिय लायन्सको नयाँ सेवा कार्यमा सहभागी बनेकामध्ये उनीहरूको क्लब पहिलो रहेको छ । 'इन्गेज टु चेन्ज' नाम दिइएको सो परीक्षण कार्यक्रमको सहप्रायोजन वेलकम.युएसले गरेको हो । यस संस्थाले सर्वथा नयाँ जीवन सुरु गर्न गइरहेका शरणार्थी परिवारहरूलाई स्वागत गर्ने तथा सहयोग गर्ने कार्यमा सहयोगी क्लबहरूलाई सिधै स्थानीय पुनर्वास एजेन्सीमार्फत सहयोग पुऱ्याउने गर्छ ।

क्लब अध्यक्ष एवम् पूर्व काउन्सिल अध्यक्ष महेश चिटनिसका अनुसार जर्सी सिटीमा क्लबले चर्च वर्ल्ड सर्भिसका कर्मचारीहरूसँग निकट रही काम गरेका थिए । क्लबले पुनर्वास अनुदानमार्फत स्थायी आवासका लागि परिवारहरूलाई तीन महिनाको घरभाडासहित किराना सामान तथा फर्निचर सहयोग उपलब्ध गराएको थियो ।

सबैभन्दा पहिला सात जनाको परिवार आइपुगेको थियो । तीन वर्षदेखि उनीहरू एउटै छानामुनि वा भनौं, एउटै मुलुकमा एकसाथ बसोवास गरिरहेका छन् ।

चिटनिस भन्छन्, "परिवारहरूसँग सम्बन्धित मुद्दाहरूमा काम गर्नु नै क्लबको लक्ष्य रहेको छ । हामी उनीहरूका लागि आवश्यक सहयोग जुटाउनका लागि काम गर्छौं । हामी उनीहरूलाई समुदायमा आत्मनिर्भर बन्न र यहाँ स्थापित हुन पनि मदत गर्छौं ।

क्लबका धेरै सदस्यहरू आप्रवासी रहेका छन् । उनीहरूसँग अरू आप्रवासीसँग काम गरेको अनुभव छ । नयाँ मुलुकमा बसाँइ सर्दा के कस्ता सरसामानको आवश्यकता पर्छ भन्नेबारे उनीहरू जानिफकार छन् । नौलो संस्कृतिसँग अनुकूलनको



महत्त्वलाई पनि उनीहरूले बुझेका छन् ।

अफगानिस्तानदेखि आएको पहिलो परिवारलाई स्वागत गरेपछि उनीहरूको विस्तृत परिवारका सदस्यहरूबारे लायनहरू परिचित भएका थिए । उनीहरूलाई एडिसन क्षेत्रमा पुनर्वास गराइएको थियो । आफ्ना नजिक अरू परिवार रहनुको महत्त्वलाई बुझेर नै उनीहरूले सहप्रायाजकको भूमिका निर्वाह गरेका थिए । उनीहरूले दुई जना अभिभावक र तिनका तीन जना साना केटाकेटीलाई स्वागत गरेका थिए ।

सङ्गठन नै लायन्सको सफलताको कुञ्जी रहेको छ । चिटनिसका अनुसार छ जनादेखि दस जना लायनहरूको टोलीले शरणार्थीहरू र क्लब परिवारबिच समन्वय सम्बन्धी काम गरेको थियो ।

सामुदायिक सम्पर्क नै स्थानीय लायन्स क्लबका रूपमा उनीहरूका लागि सर्वाधिक ठुलो सम्पत्ति रहेको थियो । नगर परिषद् तथा विद्यालय बोर्डलगायत विभिन्न स्थानीय नेताहरूसँग काम गर्दै लायन्सले ती परिवारलाई उनीहरूको जरा मजबुत बनाउन लगाउने दिशामा सहयोग सञ्जाल बनाएका थिए ।

चिटनिस भन्छन्, "यो सहकार्य हो । हाम्रा लागि यो राम्रो अनुभव रहेको छ । यो त कथाको सुरुआतमात्र हो । अरूका लागि हामी केही गर्दै छौं भन्ने मनभित्र उठ्ने सुखद भावनाकै कारण हामीमध्ये अधिकांश सेवा कार्य सम्बद्ध सङ्गठनहरूसँग आबद्ध भएका हौं । सम्भवतः हामीले अनुभव गर्ने त्यस भावनाको यो पराकाष्ठा हो ।"

### परिवर्तनका लागि कार्यरत रहौं

'इन्गेज टु चेन्ज' (परिवर्तनका लागि कार्यरत रहौं) अभियानको अग्रणी साझेदारका रूपमा सेवा कार्य गर्न पाउँदा अन्तर्राष्ट्रिय लायन्स गौरवान्वित भएको छ । यो परीक्षण कार्यक्रमलाई वेलकम युएसले अगुवाइ गरेको छ । यस कार्यक्रमले शरणार्थीहरूको पुनर्वास कार्यको अभिवृद्धि तथा त्यसलाई दिगोपनका लागि सहयोग गर्छ । यस कार्यक्रमले संयुक्त राज्य अमेरिकाभरि रहेका लायन्स क्लबहरूलाई सेवा कार्यका लागि अभूतपूर्व अवसर प्रदान गर्छ ।

यसले देहायअनुसारका कार्य सम्पादन गर्छ :

- शरणार्थी परिवारलाई तीन महिनादेखि दस महिनासम्मको अवधिका लागि सहप्रायोजन गर्नका लागि क्लबहरूलाई स्थानीय पुनर्वास एजेन्सीसँग भेटाइदिन्छ ।
- विमानस्थलमा लिन जाने, आवासको व्यवस्था, रोजगारीका लागि सहयोग, अङ्ग्रेजी भाषाको कक्षा आदिको व्यवस्थापनबारे लायनहरूलाई प्रशिक्षण दिन्छ ।
- पुनर्वास खर्चका लागि क्लबहरूले युएस डलर १५,००० सम्मको अनुदानका लागि आवेदन दिन सक्छन् ।

थप जानकारीका लागि :
**lionsclubs.org/lionswelcome**

# यस अभियानका लागि

# तपाईं

# निकै महत्त्वपूर्ण हुनुहुन्छ ।

लायनहरूका लागि यति ठुलो चुनौती पहिले कहिल्यै आएको थिएन । अब लायनहरूले कदम चाल्ने बेला आएको छ । भविष्यका लागि सेवा कार्य कस्तो हुनुपर्ने छ, त्यसलाई पुनःपरिभाषित गर्ने बेला अब आएको छ ।

**अतः हाम्रा सहकर्मी लायनहरूले हाम्रो अभियानसँग हातेमालो गर्नुपर्ने हुन्छ ।**

**किनभने हामी सँगै हिँड्दा कसैले पनि हामीलाई रोक्न सक्दैन ।**

# ‘रकस्टार’को उपाधि जित्नुहोस्

‘मिसन १.५’ को हाम्रो लक्ष्यलाई हासिल गर्न सकिएमा बढ्दो सदस्य सङ्ख्यासँगै सेवा कार्य पुऱ्याउने हाम्रो क्षमतामा नै दूरगामी प्रभाव पार्ने छ। यस क्रममा ‘रकस्टार’ (प्रभावशाली सदस्य) बन्ने सुअवसर पनि प्राप्त हुन सक्छ।

उत्कृष्ट कार्य सम्पादन गरेका क्लबहरूले सिग्नेचर पिन, प्लेक तथा प्लेक ब्यानर प्याचहरू जित्न सक्छन्। यस अतिरिक्त प्रत्येक लायनले नयाँ सदस्यलाई आमन्त्रण गरेबापत विशेष सम्मान प्राप्त गर्न सक्छन्।




थप जानकारीका लागि
**lionsclubs.org/mission1.5-awards.** मा जानुहोस्।

# अभियानका लागि तयारी गरौं

**यो विशेष प्रकारको मिसन १.५ टि-सर्ट लगाएर आफ्नो प्रतिबद्धतालाई जाहेर गरौं।**

**आजै lionsclubs.org/shop बाट आफ्ना लागि टि-सर्ट मगाऔं।**



# १० सदस्यता अभिवृद्धि गर्ने सम्बन्धमा ओटा सुझावहरू

**१** "नयाँ सदस्यहरू र उनीहरूका नवीन विचारलाई स्वीकार्नका लागि आफ्नो क्लब खुला रहेको सुनिश्चित गर्नुहोस् ।"
**लायन रबिन वुलमर, ब्रिटिस कोलुम्बिया, क्यानाडा**

**२** "आफू लायन हुनुबारे कुरा गर्दा उत्साहित हुनुहोस् । तपाईं उत्साहित भइरहेको अवस्थामा त्यो उत्साह तपाईंले कुरा गर्दै गरेका व्यक्तिमा सर्ने छ ।
**लायन विक्की डुलिन, टेक्सास, संयुक्त राज्य अमेरिका**

**३** "आफ्ना साथीभाइ तथा सहकर्मीहरूलाई सेवा कार्यमा संलग्न हुन र त्यसबाट प्राप्त हुने प्रत्यक्ष आनन्दको अनुभव लिनका लागि आमन्त्रण गर्नुहोस् । यसबाट निकटता टिम निर्माण, सिकाइ एवम् मजाको पनि अनुभव हुने छ ।"
**लायन क्रिस्टिन जेनत्स्क, बर्लिन, जर्मनी**

**४** "हामी हाम्रा नियमित सेवा कार्यका परियोजनाहरू सम्पादन गर्छौं, र स्थानीय अखबार तथा सोसियल मिडियामा त्यसबारे समाचारहरू प्रकाशित भएका पाउँछौं ।"
**मुनिश मेहता, जालन्धर, भारत**

**५** "धेरै व्यक्तिलाई आमन्त्रण गर्न र उनीहरूलाई लायन बन्नका लागि अनेकौं पल्ट भनिरहन सकिँदैन । मैले भेटेका कतिपय व्यक्तिलाई पाँच पल्ट अनुरोध गरें हुँला तर उनीहरू आफू तयार भएपछि मात्र लायन्ससँग आबद्ध हुन आएका थिए ।"
**लायन डान ओ"रेली, इलिनोई, संयुक्त राज्य अमेरिका**

**६** "नयाँ सदस्यहरूलाई आकर्षित गर्नका लागि कुनै सशक्त कथा शक्तिशाली औजार हुन सक्छ । सम्भाव्य सदस्यहरूसँग जोडिनका लागि आफ्नो क्लबको सेवा कार्यका प्रभावलाई प्रस्ट्याउँदै निजी कथाहरूलाई समावेश गर्नुहोस् । उनीहरूमा अपनत्व र उद्देश्यका समझलाई प्रोत्साहित गर्नुहोस् ।"
**लायन दीपेन्द्र अर्याल, नवलपरासी जिल्ला, नेपाल**

**७** "सेवा कार्य, सेवा कार्य, सेवा कार्य । सेवा कार्यमार्फत नै सम्भाव्य सदस्यहरूलाई संलग्न गराई आफ्नो क्लबलाई उठाउन सकिन्छ ।" **लायन अग्युस्तो भ्यालेरा जुनियर, क्यालिफोर्निया, संयुक्त राज्य अमेरिका**

**८** "आफ्नो सफलताको खुसियाली मनाउनु महत्वपूर्ण हुन्छ । आफ्ना सेवा कार्यलाई बढावा दिनुहोस्, र आफूले सहयोग पुऱ्याउने व्यक्तिहरूको सङ्ख्या बढाउँदै लानुहोस् ।"
**लायन लेन डे, ओन्टारियो, क्यानाडा**

**९** "हामी ठूलो सङ्ख्यामा तीन-पत्रे ब्रोसर (अन्तर्राष्ट्रिय लायन्सको वेबसाइटबाट डाउनलोड गरी आफ्नो क्लबको अनुकूल त्यसलाई काँटछाँट गरिएको) लाई छाप्ने गर्छौं । त्यसको पृष्ठ भागमा आवेदन फाराम पनि समावेश गरिएको हुन्छ । हरेक कार्यक्रम वा महोत्सवमा हामी इच्छुक महानुभावहरूलाई ब्रोसर वितरण गर्ने गर्छौं ।"
**लायन क्यारोल जिन मिलर मिसेल, टेक्सस, संयुक्त राज्य अमेरिका**

**१०** "हाम्रावरिपरि अनेकौं व्यक्तिहरू रहेका छन् । उनीहरू हामीसँग सम्मिलित हुन चाहन्छन् तर यो उनीहरूको सरोकार होइन भन्ने सोचाइ पनि उनीहरूमा रहेको हुन सक्छ । यो हाम्रै कुरा हो भन्नेबारे उनीहरूलाई सूचित गर्नु हाम्रै दायित्व हो । समुदायमा परिवर्तन ल्याउनु हामी सबैको दायित्व हो ।"

### थप सुझाव

सम्भाव्य सदस्यको अभिरुचि केमा छ, सो पत्ता लगाउनुहोस्, र लायन बन्नाले उसको अभिरुचि पूर्ण हुन सक्छ भनेर उसलाई बुझाउनुहोस् । नयाँ सदस्यहरूका लागि क्लबको ढोका खोल्नु भनेको सेवा कार्यका लागि नयाँ सोचाइ र नयाँ मार्गका लागि हाम्रो मस्तिष्क खोल्नु हो ।
**अन्तर्राष्ट्रिय अध्यक्ष डा. प्याटी हिल**

## आफ्ना क्लबलाई चुनौतीसँग सामना गर्नका लागि सक्षम बनाउने

# पाँच उपायहरू

आफ्नो क्लबको 'मिसन १.५' का सन्दर्भमा कार्य गर्दा सूचना, स्रोत तथा प्रेरणाका लागि विश्वव्यापी सञ्जालसँग सम्पर्क राख्नुहोस्।

१

### अनलाइनबाट सूचना र स्रोतहरू सङ्कलन गर्नुहोस्।

यस अभियानबारे थप बुझ्नुहोस् । आफ्नो क्लबको उत्थानका योजनाहरू सिर्जना गर्न र तिनलाई कार्यान्वयन गर्नमा आफूलाई सघाउने सूचना तथा स्रोतहरू पत्ता लगाउनुहोस् ।
lionsclubs.org/gat

२

### दि ग्लोबल एक्सन टिमसँग जोडिनुहोस्।

आफ्नो क्लबलाई उठाउने र सफल बनाउने सम्बन्धमा योजना र सहयोगका लागि लायन अगुवाहरूको स्थानीय सञ्जालसँग सम्पर्क राख्नुहोस् ।
lionsclubs.org/gat

३

### प्रमाणित भइसकेको पद्धतिलाई प्रयोग गर्नुहोस्।

सबै क्लब तथा डिस्ट्रिक्ट्सको विकासका लागि हाम्रो ग्लोबल मेम्बरसिप एप्रोच (विश्वव्यापी सदस्यताका लागि पहुँच) ले पद्धति तथा स्रोतहरू उपलब्ध गराइदिन्छ ।
lionsclubs.org/global

४

### नयाँ भर्ना लिनुहोस्, र सोसल मिडियामा खुसियाली मनाउनुहोस्।

नयाँ सदस्य भर्ना लिने र त्यसको खुसियाली मनाउने सन्दर्भमा काँटछाँट गर्न मिल्ने रेडी-टु-युज सोसल मिडिया ग्राफिक्स डाउनलोड गर्नुहोस् ।
lionsclubs.org/socialkits

५

### प्रशंसित हुनुहोस्।

"मिसन १.५" तपाईंका लागि लायनका रूपमा इतिहास रच्ने अवसर हो, र यसबाट तपाईंको समर्पणको प्रशंसा हुने छ । विशिष्ट कोशेढुङ्गा खडा गरेबापत र तपाईंका उपलब्धिका लागि सिग्नेचर पिन, प्लेक तथा ब्यानर प्याचहरू जित्न सक्नुहुने छ ।
lionsclubs.org/mission1.5-awards

# मिसन १.५ क्षण




## फिनिक्स एसियन अमेरिकन लायन्स क्लब

**यो अभियान :**
"मिसन १.५" पहिलेभन्दा अझ बढी व्यक्तिका लागि सेवा कार्य गर्नका लागि पन्ध्र लाख सदस्य सङ्ख्या पुऱ्याउने अभियान हो ।

**चुनौतीलाई स्वीकार गर्ने :**
फिनिक्स एसियन अमेरिकन लायन्स क्लब (पिएएएलसी)

**स्थान :**
फिनिक्स, एरिजोना, संयुक्त राज्य अमेरिका

**सारसङ्क्षेप :**
पिएएएलसी एरिजोनाको सर्वाधिक ठुलो क्लब हो । यसका ९२ लायन्स, १४ लिओज, १० क्लब्स रहेका छन् । यो अझ फैलिँदै गइरहेको छ ।

**क्लबबारे :**
सन् २०१५ को मे महिनामा स्थापित पिएएएलसी कामदार दम्पती तथा तिनका केटाकेटीहरू मिलेर बनेको एरिजोनाको प्रारम्भिक पारिवारिक क्लब हो । स्थापना कालदेखि यता यस क्लबको सदस्यता विविध पेसागत पृष्ठभूमिमा फैलिएको छ । तिनमा दसभन्दा बढी राष्ट्रियता समेटिएका छन् । क्लबले नियमित रूपमा घर घरमा बनेका परिकारहरू सहित सांस्कृतिक विविधतायुक्त सामाजिक उत्सवहरूको आयोजना गर्ने गर्छ ।

पिएएएलसीको विविधता तथा परिवार-मैत्री प्रकृतिले नयाँ सदस्यहरूलाई आकर्षित गराउनमा महत्त्वपूर्ण भूमिका खेलेको छ । यसका संस्थापकहरू एथेल लुज़ारिओ तथा रोन स्मिथका अनुसार प्रायशः भइरहने विविध प्रकारका सेवा कार्यहरू नै मुख्य आकर्षण रहेका छन् । क्लबले एक महिनाको अवधिमा भोजनको राहत, घरपालुवा जनावरको उद्धार, युवा परिचालन, सैनिकहरूलाई सहयोग आदि बिस ओटाभन्दा बढी परियोजना पूरा गर्ने गर्छ ।

पिएएएलसीको सरोकार सदस्यहरूको सूची बढाउनमा मात्र सीमित रहेको छैन, अपितु यसले सेरोफेरोका क्षेत्रमा सदस्यतालाई दह्रो बनाउनमा बढी चासो राख्छ । उनीहरू नजिक रहेका क्लबहरूलाई आमन्त्रण गर्दै लायनहरूलाई ससाना क्लबमा राखेर क्रियाशील राख्छन् । उनीहरू सबैका लागि मित्रताको अवसर सिर्जना गर्छन् । पिएएएलसीले फिनिक्स मेट्रो क्षेत्रभित्र सदस्यता स्थान्तरण गर्न नपाइने कडा नियम लागु गरेको छ । यसबाट क्लबहरूलाई सहभागिताका लागि प्रोत्साहित गर्नमा सघाउनुका अतिरिक्त सदस्यहरू गुमाइएला भन्ने डर पनि न्यून गरिदिन्छ ।

lionsclubs.org/mission1.
५ मा जानुहोस् ।

१ आफ्नो सेवा कार्यमा विविधता ल्याउनुहोस् । विविध प्रकारका सेवा परियोजनाले सबैका लागि त्यहाँ केही न केही छ भन्ने कुरालाई सुनिश्चित गर्छ ।

२ सेवा कार्यलाई परिवार-मैत्री बनाउनुहोस् । कुनै एकल नयाँ सदस्यलाई क्लबमा प्रवेश गराउनुभन्दा समस्त परिवारलाई नै स्वागत गर्न पाउनु उत्तम हुन्छ ।

३ उत्साहलाई बढावा दिनुहोस् । लायन हुनुमा जोस र गौरव महसुस गर्ने सदस्यहरूले अरूलाई पनि सम्मिलित हुनका लागि आमन्त्रण गर्छन् ।

४ बैठकलाई मनोरञ्जक र उत्पादनमूलक बनाउनुहोस् । बैठकमा जाँदा रमाइलो मान्ने सदस्यहरू आफूसँग साथीभाइ तथा परिवारलाई पनि लिएर जान चाहन्छन् ।

४ नयाँ सदस्यहरूलाई संलग्न गराउनका लागि योजना बनाउनुहोस् । नयाँ सदस्यहरूलाई संलग्न गराउने योजना उनीहरूलाई सदस्य बन्नका लागि आमन्त्रण गर्नु जति नै महत्त्वपूर्ण छ ।

मिसन १.५

# लायनहरुले यति ठुलो चुनौती पहिले कहिल्यै सामना गर्नुपरेको थिएन ।

तर बिना **तपाईंको साथ** हामी गर्न सक्दैनौं !

## यस अभियानसँग जोडिऔँ ।

LIONSCLUBS.ORG/MISSION1.5











# तगाराहरू छिचोल्दै

## नागरिक अधिकार आन्दोलन ताका उदाएका अग्रणी अश्वेत लायन्स क्लब

*जोन केरी*



The Capital City Lions celebrated their 50th anniversary in 2017.



Charter member Lion Paul Bailey with Lion Devine Loving



Past International Director E.B. "Tex" Mayer

सन् १९६० का दशकको पूर्वार्द्ध ताका इगल लेक, टेक्सासमा रहेको अश्वेत केटाकेटीहरूको विद्यालयका प्रिन्सिपल सी. डब्लु. म्याकक्लुरे विद्यालयका लागि सामग्रीहरू खरिद गर्ने क्रममा सुपथ मूल्य पसलमा पुगेका थिए । त्यहाँ गोरा दुकानदारले उनलाई भनेका थिए, "तपाईंका विद्यार्थीहरूका लागि चस्माको आवश्यकता छ ? म स्थानीय लायन्स क्लबको अधिकारी हुँ, र यदि उनीहरूका लागि चस्माको आवश्यकता भएमा मलाई उनीहरूको नाम, अभिभावकका नाम दिनुहोस्, म उनीहरूका लागि चस्माको व्यवस्था गर्ने छु ।"

यो पत्रिका मुद्रणका लागि पठाउन केही समयअगाडि म्याकलुरे दिवङ्गत भएका थिए । उनले त्यो दिन दर्साइएको करुणा आफूले कहिल्यै बिर्सिन नसकेको बताएका थिए । परन्तु उनले लायन्स क्लबका बारेमा सुनेको त्यो पहिलो पल्ट थिएन । कलेज विद्यार्थी हुँदा उनले साँझ र सप्ताहन्तमा अस्टिनस्थित प्रसिद्ध पेर्‍री होटेलमा वेटरका रूपमा काम गर्थे । त्यहाँको रेस्टुराँमा लायनहरू बराबर आउने गर्थे, र उनीहरूले सेवा कार्यबारे छलफल गरिरहेको उनका कानमा पर्थे । उनी भन्थे, "मलाई त्यो निकै राम्रो लाग्थ्यो ।"

उनी र कलेजका साथी एवम् सहकर्मी शिक्षक चार्ल्स अकिन्सले सहरमा स्थानीय लायन्स क्लबहरूको प्रबर्द्धनका लागि राखिएका साइनबोर्डहरू देखेका थिए । आफ्ना पृथक संसारमा रहिरहेका उनीहरूले क्लबमा स्वागत गरिनेबारे कल्पना गर्न सकेका थिएनन् ।

सहरमा तत्कालीन डिस्ट्रिक्ट गभर्नर ई. बी 'टेक्स' मायर फरक ढङ्गले सोच्दै थिए । सन् १९७०-७२ मा लायन्स क्लब अन्तर्राष्ट्रिय गभर्नर बन्नु निकै वर्षअगाडि नै मायरले आफ्नो डिस्ट्रिक्टलाई विविधता दिने सन्दर्भमा योजनाहरू बुन्दै थिए । उनले समुदायमा लायनहरूको सेवा कार्यबारे कुराकानी गर्ने क्रममा अश्वेत व्यापारी तथा शिक्षकहरूलाई भेट्न थालेका थिए ।



**"उनीहरुले यसअगाडि संयुक्त राज्य अमेरिकामा अश्वेत लायनलाई देखेका थिएनन्। उनीहरुले बुझे, हामीले अपनायौँ। सबै कुरा राम्रो भयो।"**

- लायन सी. डब्लु. म्याकलुरे





संस्थापक सदस्यहरू डा. चार्ल्स एकिन्स तथा सी. डब्लु. म्याकलुरे






# East Side Lions Club Chartered

A new Lions Club -- the Capital City Lions Club of Austin — has been formed, and its charter will be presented Aug. 12 at the Huston-Tillotson College Student Union Building.

Lions from other Austin clubs and from clubs throughout Zone 2-S3 will be present at 7:30 p.m., along with more than 50 members of the new Austin club, for the charter presentation.

The Capital City Lions Club of Austin is sponsored by the West Austin Lions Club. It was organized June 9.

Guest speaker will be E. B. (Tex) Meyer, La Grange, past ... governor of Zone 2-S3.

... the new club is ... lawyer; ...

अगस्ट ५, १९६७ मा
अस्टिन अमेरिकन स्टेट्सम्यानमा प्रकाशित लेख

## नयाँ क्लबको जन्म

सन् १९६७ को अगस्ट महिना – 'नागरिक अधिकार कानुन, १९६८' मा दस्तखत गरिनु आठ महिनाअगाडि – ह्युस्टन-टिल्लोट्सन युनिभर्सिटीको क्याम्पसमा अस्टिन क्यापिटल सिटी लायन्स क्लबको पहिलो बैठक बसेको थियो। यो ऐतिहासिक निजी अश्वेत विश्वविद्यालय अस्टिनकै पहिलो उच्च शिक्षा संस्था थियो। बैठकमा म्याकलुरे र एकिन्सलगायत पचास जनाभन्दा बढी मानिसले सो बैठकमा भाग लिएका थिए। उनीहरूका अनुसार त्यो क्लब संयुक्त राज्य अमेरिकाभरि नै मूलतः पहिलो अश्वेत क्लब हो, र त्यस ऐतिहासिक क्याम्पसमा निरन्तर आजसम्म क्लबको बैठक बस्ने गरिन्छ।

नयाँ लायनहरूले तत्काल आँखा सम्बन्धी परियोजनाहरू सञ्चालन गर्ने, परिवारहरूलाई सघाउने, विद्यालयलाई सहयोग गर्नुका अतिरिक्त सहरदेखि पूर्वपट्टि रहेको बस बिसौनीमा बेन्चको व्यवस्था गरेका थिए। त्यसअगाडि त्यहाँ त्यस्तो कुनै व्यवस्था थिएन। उनीहरूले त्यहाँका समुदायमा आफ्नो भूमिकालाई निर्वाध रूपमा स्थापित गरिरहेका बेला कहिलेकाहीँ उनीहरूको उपस्थिति देखेर अरू लायनहरू छक्क पर्थे। म्याकलुरेको पहेँलो पोसाकमा उनी र एकिन्सले भाग लिएका विभिन्न अन्तर्राष्ट्रिय सम्मेलनहरूको पिनहरू रहेका छन्। उनी हाँस्दै भन्छन्, "उनीहरूले यसअगाडि संयुक्त राज्य अमेरिकामा अश्वेत लायनलाई देखेका थिएनन्। उनीहरूले बुझे, हामीले अपनायौँ। सबै कुरा राम्रो भयो।"

# लायन्सले अगुवाइ गर्छन्

सुरुका अनेकौँ अस्टिन क्यापिटल सिटी लायनहरू अस्टिनभरि सुपरिचित थिए। उनीहरूका उपलब्धि र नेतृत्वको निकै प्रशंसा हुन्थ्यो।

लायन एड्ना राम्बो सन् १९५८ मा अस्टिनस्थित युनिभर्सिटी अफ टेक्सासबाट स्नातक डिग्री हासिल गरेकी पहिलो अफ्रिकी अमेरिकी थिइन्। उनका लागि कलेज जीवन त्यति सहज रहेको थिएन। परन्तु राम्बो आफ्नो अध्ययनप्रति प्रतिबद्ध थिइन, र सहपाठीहरूबाट हुने उत्पीडन विरुद्ध डटेर सामना गर्थिन्। उनको भनाइअनुसार यो उनी आफ्ना लागि मात्र थिएन, तीन जना भाइबहिनीका लागि उदाहरण कायम गर्नका लागि पनि थियो। शिक्षाशास्त्रमा स्नातक डिग्री हासिल गरे लगत्तै उनी मास्टर्स डिग्रीका लागि विचिटा पुगेकी थिइन्। अस्टिन फर्किनुअगाडि उनले के-१२ स्कुलहरूमा पढाउने काम गरेकी थिइन्।

सन् २०१७ मा अकिन्सको देहावसान भएको थियो। उनले शिक्षाका क्षेत्रमा ४४ वर्ष काम गरेका थिए। एकीकरणपछि कुनै एकीकृत अस्टिन इन्डिपेन्डेन्ट स्कुल डिस्ट्रिक्ट हाई स्कुलमा काम गर्ने उनी पहिलो अफ्रिकी अमेरिकी शिक्षक थिए। पहिले कहिल्यै सँगै नगएका विद्यार्थीहरू बिच हुने विवादलाई मिलाउनका लागि बिहान बस चढेर गएका ती दिनहरू उनले सम्झेका थिए। सन् २००० मा अस्टिनमा उनैको नामबाट डब्लु. चार्ल्स एकिन्स हाई स्कुल नामकरण गरिएको थियो।

क्लब सदस्यहरूद्वारा सम्पादित कार्यहरूको सूची लामो रहेको छ।





Thursday
August 20, 1987

Austin American-Statesman

## 1958 graduate corrects UT

### Woman teacher was 1st Black to earn bachelor of science degree

By Monty Jones
American-Statesman Staff

University of Texas officials had thought John Hargis was the first Black student to receive a bachelor's degree from the university, but they learned in recent days that another Black, Edna Humphries Rhambo, actually graduated five months before Hargis.

Rhambo, a high school teacher from Denver, told UT about the mistake after reading in the American-Statesman that the first graduate was Hargis, for whom UT named a building this year.

UT officials said they were happy to help set the historical record straight, and they arranged a reunion Wednesday for Rhambo and two of her teachers from the 1950s.

"My teachers gave me insight and self-confidence. If I had not had these people, I could not have done what I have," Rhambo said of Clark Gill, a retired professor of education, and Lorrin Kennamer, a geography and education professor who will step down as dean of the College of Education this month.

Hargis, who was an assistant to UT President William Cunningham when he died in November, had believed he was the first Black to receive a bachelor's degree, said Lewis Wright, assistant vice president for administration.

UT had checked Hargis' recollection as much as possible, but researching the early days of integration at UT is complicated by the fact that racial designations were not part of student records in the 1950s, Wright said. Such designations became part of the records when affirmative action programs began in the 1960s, he said.

"That was the best information we had at the time," Wright said of the view that Hargis was the first Black to receive a degree. "The university is pleased to make this correction and welcome Mrs.

See Rhambo, A14

Edna Humphries Rhambo received a bachelor of science degree in 1958.



Lion Trevor McLean with his daughter Kaire K.L. McLean



# समृद्ध इतिहास निर्माण गर्दै

लायन ट्रेवर म्याकलिन क्लबको इतिहासबारे जानकारी राख्नु महत्त्वपूर्ण रहको विश्वास व्यक्त गर्छन । उनी भन्छन्, "आफू कहाँबाट आएको हुँ भन्नेबारे सचेत नभईकन आफू कतातर्फ जाँदै छु भन्ने पनि थाहा पाउन सकिँदैन ।"

सन् २०२३ मा म्याकलिनले क्लबमा प्रवेश गरेका थिए । त्यस ताका डेविड बेल क्लबका अध्यक्ष थिए । उनैले लिङ्कडिनमा आई म्याकलिनलाई बैठका भाग लिनका लागि आमन्त्रण गरेका थिए । क्लबको इतिहास र उनीहरूको सेवा कार्यदेखि प्रेरित भई शीघ्र नै उनले डिस्ट्रिक्ट २-५३ का लागि मधुमेह सचेतना अध्यक्षको जिम्मेवारी लिएका थिए । क्लबमा उनले सचेतकको भूमिका निर्वाह गरेका थिए ।

आफ्नो पहिलो बैठकलाई सम्झिँदै म्याकलिन भन्छन्, "सबै जनाको खुला एवम् पारदर्शी विचारधारा देखेर म त तत्कालै प्रभावित भएको थिएँ । त्यहाँ सबै जनाको आवाजलाई कदर र आदर गरिन्थ्यो । ज्येष्ठ सदस्यहरू हाम्रा लागि स्तम्भ नै हुन् । हामीलाई नेतृत्वदायी पदभार ग्रहण गर्नका लागि उनीहरू सदा स्वागत र प्रेरित गरिरहन्छन् ।"

सन् २०२२ मा क्लबले ५५ औं वार्षिकात्सव मनाएको थियो । ती सदस्यमध्ये ३९ जना बहुसङ्ख्यक सदस्य अश्वेत थिए । म्याकलिन (३८ वर्ष) भन्छन्, "यो एउटै आकार प्रकारको क्लब होइन । यो बहुसांस्कृतिक क्लब हो । सेवा कार्य गर्न इच्छुक जो कोहीलाई पनि यहाँ स्वागत छ ।" बिसबर्से महिला पुरुषदेखि लिएर ९० दशकका व्यक्तिहरू क्लबको सूचीमा रहेका छन् । तिनमा चार्टर सदस्यहरू म्याकक्लुरे तथा लायन पौल बेले जस्ता सेवानिवृत्त कलेज प्रशासकसमेत रहेका छन् ।

यो ऐतिहासिक क्लबले सुस्ताउने कुनै लक्षण देखाएको छैन । उनीहरूका सेवा कार्य परियोजनाहरू नियमित र विविधायुक्त रहेका हुन्छन् । तिनमा नेत्र परीक्षण, निम्नमाध्यामिक विद्यालयका विद्यार्थीहरूसँग बगैंचामा बोट विरुवा रोप्ने, ज्येष्ठ नागरिकहरूलाई न्यानो पार्नका लागि हिटरको व्यवस्था गर्ने, विद्यार्थीहरूका लागि छात्रवृत्ति कोष सङ्कलन गर्ने, अस्टिनको ऐतिहासिक बेथानी चिहानमा बेन्चको व्यवस्था गर्ने आदि केही उदाहरण मात्र हुन् । यस अतिरिक्त गत दुई वर्षको अवधिमा उनीहरूले २० जनाभन्दा बढी नयाँ सदस्यहलाई प्रवेश गराइसकेका छन् । सबै सदस्यहरूले आफ्ना महत्त्वलाई बुझून, र लायन हुनुमा गर्व गरून् भन्नेमा पनि उनीहरू लागिपरेका छन् ।

**"मेरी छोरीलाई म लायन्समार्फत समुदायमा क्रियाशील छु भन्ने देखाउन चाहन्छु । उनले घरभित्रको संसारलाई मात्र होइन, अपितु समस्त विश्वलाई स्याहार गरून् भन्ने म चाहन्छु ।"**

***- लायन ट्रेवर म्याकलिन***

आफूलाई अस्टिन क्यापिटल सिटी लायन हुनुमा के कुराले सर्वाधिक गौरवान्वित बनाएको छ भन्ने सम्बन्धमा म्याकलिन भन्छन्, "मेरी छोरीलाई म लायनसमार्फत समुदायमा क्रियाशील छु भन्ने देखाउन चाहन्छु । उनले घरभित्रको संसारलाई मात्र होइन, अपितु समस्त विश्वलाई स्याहार गरून् भन्ने म चाहन्छु ।"




# विश्वभरि सेवा कार्य

यो विश्वका प्रायः सबै मुलुकमा लायन तथा लिओहरूले समुदायका लागि सेवा कार्य गर्दै आएका छन् । आउनुहोस्, विश्वभरि उनीहरूका कार्यमाथि एक पल्ट सरसर्ती दृष्टि लगाऔं ।







## फोन्टाना, क्यालिफोर्निया, संयुक्त राज्य अमेरिका

**नर्थ फोन्टाना सेन्टिनियल लायन्स क्लब**

दि लायन्स डायबेट्स क्याम्प अफ सउदर्न क्यालिफोर्नियाले टाइप १ डायबिटिज भएका केटाकेटीका परिवारहरूका लागि पारिवारिक क्याम्प आयोजना गरेको थियो । जानकारी सेससनहरू, हस्तकला तथा शारीरिक क्रियाकलापहरूबाट भरिपूर्ण यो निकै मनोरञ्जक र शिक्षाप्रद सप्ताहन्त थियो । मधुमेहको व्यवस्थापनका लागि आत्मनिर्भरता, साथीसङ्गीहरूसँगको सिकाइ तथा मित्रताको निर्माणमा जोड दिने अभियानका रूपमा फोन्टाना लायनहरूले यस क्याम्पको थालनी सन् २०१७ देखि गर्न थालेका थिए ।

## मिडल्यान्ड, ओन्टारिओ, क्यानाडा

**पेनेटान्गुइसेने लायन्स क्लब तथा युक्रेनियन सहयोग क्लबको शाखा**

समुदायका एक जना सदस्य लायन रान्डी हार्ग्रेभलाई भेट्न आएका थिए । उनी आउनुको उद्देश्य उनीहरूको सहरमा एक युक्रेनियन परिवारलाई उनीहरू आइपुग्न केही महिना अगाडि नै बसोबासका लागि सहयोग गर्नु रहेको थियो । समयको महत्त्वलाई बुझेर उनले क्लबको शाखा स्थापना गर्ने सुझाव दिएका थिए । फलतः दि पेनेटान्गुइसेने ह्युरोनिया युक्रेनियन सपोर्ट लायन्स क्लब शाखा गठन गरिएको थियो । नयाँ लायनहरूले त्यस परिवारको बसोबासका लागि युएस डलर २५,००० सङ्कलन गरेका थिए । क्लबको शाखाले निरन्तर व्यापकता लिँदै गइरहेको छ, र यसले अर्को थप एक परिवारलाई प्रायोजना गरिसकेको छ ।

## सान लोरेन्जो, पाराग्वे

**लायन्स क्लब्स असुन्सिओं भिल्ला मोर्‍रा, काराग्वेटे युनिडो क्यापिआटे तथा साल्टो डेल ग्वेरा**

पाराग्वेका लायनहरूसँग जनरल पेडियाट्रिक हस्पिटल अकोस्टा नुसँग काम गरेको लामो अनुभव रहेको छ । अस्पतालमा बाल क्यान्सर रोगीहरूको उपचारका लागि स्थानको अभाव रहेको बेला लायनहरूले त्यसको समाधान निकाल्नमा सघाउन चाहेका थिए । उनीहरूले युएस डलर १००,०० एलसिआइएफ म्याचिङ ग्रान्ट प्राप्त गर्नका लागि आवश्यक रकम सङ्कलन गरेका थिए । त्यो अनुदान उनीहरूले एम्बुलेटोरी केमोथेरापी पाभिलोन निर्माणका लागि सहयोग गरेका थिए । अहिले अस्पतालमा केटाकेटीहरूको उपचार गर्न र तिनका परिवारलाई बस्नका लागि उपयुक्त स्थान उपलब्ध रहेको छ ।







## बडले साल्ट्रटन, इङ्गल्यान्ड

दि बडले साल्ट्रटन लायन्सले समुदायमा फोहोर टिप्ने कार्यमा सेन्ट पिटर प्राइमरी स्कुलसँग सहकार्य गरेको थियो । सेन्ट पिटरका एक जना शिक्षकका अनुसार त्यस परियोजनाले केटाकेटीहरूलाई आफूहरू बसोवास गरिरहेका थलोको हेरविचार गर्नमा सक्रिय भूमिका निर्वाह गर्ने सन्दर्भमा गजबको अनुभव प्रदान गरेको थियो । आफूहरूले वन्यजन्तुलाई सुरक्षित रहन मदत पुऱ्याइरहेका छौं भन्ने थाहा पाउँदा उनीहरू निकै हर्षित भएका थिए । दिगो तरिकाले वातावरणीय क्रियाकलापहरूमा युवाहरूलाई संलग्न गराउनु र त्यसबाट परिवर्तन ल्याउनमा उनीहरूलाई उत्प्रेरित गर्ने लक्ष्य लिएका परियोजनामध्ये यो एक उदाहरणमात्र हो ।

## बोगेनभिले, मलेसिया

**लायन्स क्लब अफ इपोह बोगेनभिले सिटी एन्ड लिओ क्लब अफ इपोह युनिटी, मलेसिया** मलेसियाका बोगेनभिले लायन्स तथा लिओ क्लबहरूले स्थानीय अस्पतालमा केटाकेटीहरूलाई भेट्न जाने सम्बन्धमा सहकार्य गरेका थिए । भ्रमणको मिति र समय मिलाउने जस्ता प्रशासनिक कार्यका लागि अस्पतालसँग सम्पर्क राख्ने काम लायनहरूले गरेका थिए भने केटाकेटीहरूका लागि गुडी ब्याग्स (उपहार झोलाहरू) को व्यवस्था गर्ने कार्य लिओहरूले गरेका थिए । अस्पताल भ्रमण कार्यक्रममा दुवै क्लबले भाग लिएका थिए । यस अनुभवले क्लबहरूलाई निकट सम्बन्ध कायम गर्न मदत पुऱ्याएको थियो ।

## बेरुत, लेबनान

**बेरुत लोटस लायन्स क्लब** कोभिड-१९ महामारीको सुरुआत ताका दि बेरुत लोटस लायन्स क्लबले पाँच थान अक्सिजन सिलिन्डर उपकरण खरिद गरेको थियो । यसका लागि स्विट्जरल्यान्डको दि बर्न-किर्सेनफेल्ड लायन्स क्लबले आर्थिक सहयोग उपलब्ध गराएको थियो । यसबाट लायनहरूलाई सिधै घर घरमा मेसिन पुऱ्याउन सक्षम बनाइदिएको थियो । त्यो बेला स्थानीय अस्पतालहरू पूरा भरिभराउ थिए, र ३०० जनाभन्दा व्यक्तिको उपचारमा संलग्न थिए । आज पनि क्लबले आफ्नो समुदायमा यो निःशुल्क सेवा प्रदान गरिरहेको छ । अहिले क्लबले अरू १५ थान अक्सिजन मेसिन थपिसकेको छ ।

# विश्वव्यापी सेवा कार्य

## विश्वले भरोसा गर्ने सेवा काय

विश्वभरि लायनहरूले दिइरहेका अनेकौँ सकारात्मक प्रभावबारे यी त केही उदाहरणमात्र हुन्। आवश्यकतामा रहेका एक जना व्यक्तिदेखि लिएर सम्पूर्ण समुदायलाई सहयोग गर्ने जस्तो हाम्रा प्रत्येक सेवा कार्यले अर्थ राख्छ।

हाम्रो प्रभावबारे मापन गर्न, हाम्रा सदस्यता अभिवृद्धि गर्न तथा विश्वसँग हाम्रा कथाहरू साटासाट गर्नका लागि प्रत्येक महिनाका हाम्रा क्रियाकलापहरूबारे जानकारीलाई सुनिश्चित गरौँ।

थप जानकारीका लागि **lionsclubs.org/service-reporting** मा जानुहोस्।



### न्यु साउथ वेल्स, अस्ट्रेलिया

लायन्स क्लब अफ टेरिगल-वाम्बेरल

दि टेरिगल-वाम्बेरल लायन्सले फ्री ट्रेड डे सेवा महोत्सवको आयोजना गरेको थियो। यो वार्षिक महोत्सवको स्थापना लायन र्‍यान विल्सनले गरेका थिए। फ्री ट्रेड डेले दक्ष कामदारहरूलाई भेला गराउँदै समुदायका सदस्यहरूलाई उनीहरूको सेवा निःशुल्क उपलब्ध गर्न लगाउँछन्। आवश्यकतामा रहेका व्यक्तिहरूसँग सम्पर्क कायम गर्न लगाउने उद्देश्यले कामदारहरूलाई उनीहरूको सेवा कार्यबारे क्लबमा दर्ता गर्न लगाउने र परियोजनालाई विस्तार गर्ने विल्सनको सोचाइ रहेको छ।



### मर्‍राकेख, मोरोक्को

मर्‍राकेख एटलस लायन्स क्लब

दि मर्‍राकेख एटलस लायन्स क्लबले दि मलाइका सेन्टर फर चिल्ड्रेन विथ डाउन सिन्ड्रोम स्थापना गरेको छ। यसको उद्देश्य अपाङ्गता भएका केटाकेटीका परिवारलाई मदत गर्नु रहेको छ। यस केन्द्रले निःशुल्क रूपमा बोली तथा हिँडडुल सम्बन्धी थेरापीका अतिरिक्त उनीहरूका लागि विशेष शिक्षा तथा व्यावसायिक तालिम निःशुल्क प्रदान गर्ने कार्य गर्दै आएको छ।

क्लबबारे भिडिओ हेर्नका लागि स्क्यान गर्नुहोस्।



अन्तर्राष्ट्रिय लायन्स

# पिस पोस्टर

## आफ्नो क्षेत्रमा 'पिस पोस्टर' प्रतियोगिता सञ्चालन गरौं ।

'सिमारहित शान्ति'ले आफ्नो समुदायका युवाहरूका लागि के अर्थ राख्छ भन्ने अनुभव साट्ने अवसर प्रदान गर्नका लागि 'पिस पोस्टर' प्रतियोगिता सञ्चालन गरौं ।

'पिस पोस्टर' सङ्ग्रह हेर्नका लागि लायन्स पसलतर्फ लागौं । त्यहाँ पिस पोस्टर किट्स तथा आफ्नो समर्थनलाई जनाउन सकिने सङ्ग्रहणीय सामग्रीहरू पाउन सकिन्छ ।

सामग्रीहरू देहायअनुसार रहेका छन् :

- सन् २०२४-२०२५ को आधिकारिक पिस पोस्टर कन्टेस्ट किट
- सन् २०२३ का विजयी पिस पोस्टरको प्रिन्ट
- पिस कन्टेस्ट्स प्लस डोभ
- पिस पोस्टर बटन

आफ्नो मोबाइल क्यामेराबाट स्क्यान गर्नुहोस् !




GOOD
LIFE



**डेलावरको विमिङ्टनको छिमेक एजमुरको समुदायका लागि बन्दुक, गिरोहहरू र लागुऔषधजनित  हिंसा ठूलो चुनौती रहिआएको छ । ती प्रायः बाहिरबाट आउने गर्छन् । यस स्थितिमा सुधार ल्याउनका लागि आफ्नो समुदायप्रति प्रतिबद्ध दि बेलेफोन्टे लायन्स क्लबले यथासम्भव प्रयास गर्दै आएको छ ।**

केटाकेटीका लागि चेस क्लबबाट डुफीले क्लबमा सेवा कार्यप्रति आफ्नो उत्साह मात्र होइन, समुदायमा महत्त्वपूर्ण प्रभाव पार्ने कार्यक्रमको सोचलाई पनि उनले अघिसारेकी थिइन् । आफ्नो सोचलाई कार्यरूप दिनका लागि उनलाई सहकर्मी लायन्स तथा समुदायभित्र रहेका अन्य समूहहरूको सहयोगको खाँचो थियो ।

त्यो सोचको नाम 'दि पुलिस एन्ड प्रिन्सेस बल' राखिएको थियो । एनमुरका केटीहरूलाई आमन्त्रण गर्ने एक विशेष महोत्सव राखिएको थियो । त्यो साँझ उनीहरूलाई कुनै राजकुमारीहरूलाई जस्तै सत्कार गरिने कार्यक्रम राखिएको थियो । औपचारिक परिधानमा सिँगारिएका केटीहरूले पार्टी बसबाट निर्धारित स्थानमा पुगी त्यस क्षेत्रका प्रहरी अधिकृतहरू तथा कानुन कार्यान्वयन निकायका अन्य अधिकारीहरूसँगै रात्रीभोज र नृत्यको आनन्द लिएका थिए । महोत्सवका लागि आवश्यक खर्चको अधिकांश भाग स्वयम्सेवक तथा लायनहरूद्वारा सङ्कलित चन्दाबाट व्यवस्थापन गरिएको थियो ।

"सम्बन्धको निर्माण गर्दै विद्यमान खाडललाई पुर्नुसँग यो सम्बन्धित रहेको छ," डुफी भन्छिन्, "समुदायमा हामीले हाम्रो मुहार देखाउँदा केटीहरू तथा तिनका मातापिताले हामीलाई अरूको सुरक्षाका लागि समर्पित व्यक्ति भनेर चिनून् भन्ने हाम्रो चाहना रहेको छ ।"

क्लबको संलग्नता प्रारम्भ भएको थियो । त्यसपछि उनीहरूले बाइक क्लब खोलेका थिए । बाइक (साइकल) चलाउन लालयित तर आफूसँग बाइक नभएका केटाकेटीका लागि उनीहरूले चन्दाद्वारा केही थान बाइकको व्यवस्था गरेका थिए । समुदायको सेरोफेरो फोहोर टिप्ने जस्तो काममा उनीहरूले ससाना केटाकेटीलाई पनि संलग्न गराउँछन् । यस्ता क्रियाकलापद्वारा केटाकेटीहरूले स्वयम्सेवा कार्य गर्दाको सुखद अनुभव हासिल गर्छन् ।

## परिवर्तन सिर्जना गर्दै

समुदायसँग क्लबको निकटता बढ्दै गएसँगै डिस्ट्रिक्ट २२ का निमित्त पूर्व डिस्ट्रिक्ट गभर्नर तथा अन्तर्राष्ट्रिय लायन्स क्लबका बोर्ड अफ डाइरेक्टर्सका सदस्य डानियल एल्किन्सले दी न्यु क्यासल काउन्टी पुलिस डिपार्टमेन्टका सर्जेन्ट ट्रेसी डुफीसँग भेट गरेका थिए । उनी एजमुरमा प्रहरीको घुम्टी टोलीमा सेवारत थिए । समुदायमा परिवर्तन सिर्जना गर्ने कुरामा शीघ्र नै एल्किन्स र डुफी दुवै जना एकमत रहेका थिए । फलतः एल्किन्सले डुफीलाई क्लबमा प्रवेश गर्न लगाएका थिए ।







पअज अफ कम्फोर्ट क्लबका संस्थापकहरू डिस्ट्रिक्ट गभर्नर डेबोरा ओर्नर तथा लायन मोनिक टेडिनो

डिस्ट्रिक्ट ३३-५ का निमित्त डिस्ट्रिक्ट गभर्नर डेबोरा ओर्नर मासाच्युट्सको नर्थ अट्टेलबोरो हुँदै गाडी हाँक्दै गइरहेको बेला उनले एउटी युवा महिलाले कुकुरलाई प्रशिक्षण दिँदै गरेको दृश्य देखेकी थिइन् ।

त्यस घटनालाई सम्झिँदै ओर्नर भन्छिन्, “मैले उनको चोकअगाडि गाडी रोकेँ, र उनलाई ‘के तपाईँ कुकुर प्रशिक्षक हुनुहुन्छ’ भनेर सोधेँ । प्रत्युत्तरमा उनले ‘हो’ भनिन् । मैले उनलाई लायन्सको बारेमा बताएँ ।”

मेरो कुराकानीको विषय लायन्सबारे मात्र थिएन, साउथइस्टर्न मास पअज अफ कम्फर्टबारे पनि थियो । यो विशेष प्रकृतिको क्लबको स्थापना सन् २०२० मा भएको थियो । यसले ‘कम्फर्ट डग्ज’ भनिने प्रशिक्षित कुकुरहरूलाई विद्यालय, नर्सिङ होम, अस्पताल आदिमा लगी त्यहाँ बसिरहेका दुःखद अनुभव बोकेका व्यक्तिहरूलाई भेट्न लगाउँछ ।

आज त्यो युवा महिला उक्त डग क्लबकी प्रमुख प्रशिक्षक तथा सचिवका रूपमा कार्यरत छिन् । ओर्नरका अनुसार यस्तो क्लब मुलुकमै पहिलो हो ।

### सान्त्वना दिँदै

सान्त्वना प्रदायक कुकुरहरूसँग ओर्नरको सङ्गत निकै वर्ष अगाडिदेखि रहिआएको छ । उहिले ब्रान्डी र रुबी नाउँ गरेका आफ्ना कुकुरहरूलाई लिएर उनले मानिसहरूसँग भेट्न जाने क्रमको थालनी गरेकी थिइन् । कुनै घरपालुवा जनावरसँग अँगालो हाल्नका लागि ती मानिस लालायित रहन्थे ।

सन् २०१९ मा सान्त्वना प्रदान गर्ने सिलसिलामा ओर्नर र अर्को एक जना लायन कुकुरहरू लिएर कुनै विद्यालयमा गएका थिए । विद्यालयका एक जना केटोको परिवारका अन्य सदस्यहरूसँगै कार दुर्घटनामा निधन भएको थियो ।

विशेष पाहुनाहरूलाई भेट्नका लागि विद्यार्थीहरू कोठाभित्र छिर्ने बित्तिकै फिनेगन नाम गरेको गोल्डेन रिट्रिभर जातको कुकुर तत्काल क्रियाशील भएको थियो ।

ओर्नर भन्छिन्, “प्रत्येक नयाँ समूहसँगै उसले कोठाको चक्कर लगाउँथ्यो, र कोही विशेष केटालाई चुम्मा गर्थ्यो । पछि मैले थाहा पाएँ, उसले टाउकोबाट छोएको प्रत्येक केटाकेटी त्यो दिवङ्गत केटाका निकटम साथी थियो ।”

ओर्नरका अनुसार कुकुरहरू निकै अन्तरज्ञानी हुन्छन्, र कसलाई उनीहरूको दरकार छ भन्नेबारे स्वभावतः बुझ्छन् ।

### विशेष प्रकारको सेवा कार्य

ओर्नरका अनुसार यस्ता भ्रमणहरू प्रायः मर्मस्पर्शीसँगै मर्मभेदी पनि हुने गर्छन् । यसबाट समुदायका लागि यस प्रकारका सेवा कार्य कति दरकार पर्दोरहेछ भन्नेबारे पनि उनका आँखा खुलेका थिए । सेवाभाव भएका व्यक्तिहरू एकजुट हुँदाको सामर्थ्यबारे पहिलेदेखिका लायन ओर्नर सचेत थिइन् । सान्त्वना प्रदायक कुकुरको विशिष्ट क्लबको थालनी गर्ने कार्यमा उनी लागिपरेकी थिइन् ।

लायन मोनिक टेडिनोसँग मिलेर ओर्नरले यो क्लब स्थापना गरेकी थिइन् । टेडिनोले दिएकी जानकारीअनुसार अहिले क्लबमा २९ जना सदस्यहरू र १७ ओटा कुकुरहरू रहेका छन् । कुकुरलाई माया गर्ने र यो अवधारणालाई आत्मसात् गर्ने नयाँ सदस्यहरू आकर्षित भएका छन् ।

टेडिनो भन्छिन्, “समान अभिरुचि भएका व्यक्तिहरूलाई एकत्रित गर्ने यो एक उपाय हो, र त्यस अभिरुचिलाई समुदाय र लायन परियोजनाहरू दुवै लाभान्वित हुने किसिमले उपयोग गर्न सकिन्छ ।”



## सान्त्वनाप्रदायक कुकुरहरू र सेवाप्रदायक कुकुरहरू

सान्त्वनाप्रदायक कुकुरहरूले दस प्रकारका क्षमता परीक्षण पूरा गरे बापत अमेरिकन केनल क्लबबाट दि क्यानाइन गुड सिटिजनसिप (सिजिसी) पुरस्कार पाइसकेका छन् । परीक्षणमा अपरिचितसँग मैत्रीपूर्ण व्यवहार देखाउनु, कसैले माया गर्दा विनम्र भएर बस्नु, भीडभाड बाटोमा हिँड्नु र आदेशअनुसार बस्नु पर्छन् । कुकुरहरूलाई औपचारिक सिजिसी कक्षामार्फत उनीहरूका मालिकद्वारा नै प्रशिक्षण दिलाउन सकिन्छ ।

दि अमेरिकन केनल क्लबका अनुसार सेवादायी कुकुरहरू कुनै अपाङ्गता भएका व्यक्तिलाई मदत गर्ने सन्दर्भमा आवश्यक कार्य गर्नका लागि विशेष रूपमा प्रशिक्षित कुकुरहरू हुन् । यस्ता कुकुर हरदम आफ्नो मानिससँगै हुनुपर्छ, र त्यसलाई सार्वजनिक स्थलहरूमा जाने छुट हुन्छ ।






**"हाम्रा सदस्यहरू यसदेखि माथि छन् । कुकुरहरूलाई प्रशिक्षण दिने कार्यमा उनीहरू निकै कडा मेहनत गर्छन् । त्यसपछि बाहिर गएर समुदायका लागि अनेकौं गजब कुराहरू गर्छन् । यस क्लबको एक हिस्सा बन्न पाउनु नै सानदार कुरो हो ।"**

– डिस्ट्रिक्ट गभर्नर डेबोराह ओर्नर

लागि अनेकौं गजब कुराहरू गर्छन् । यस क्लबको एक हिस्सा बन्न पाउनु नै सानदार कुरो हो ।"

लाई स्वागत गर्न पाउँदा निकै खुसी हुन्छिन् । उनी भन्छिन्, "यहाँका बिरामी र स्टाफ दुवै ती कुकुरहरू देख्दा औधी उत्साहित हुन्छन् । उनीहरूका लागि त्यो दिन साँच्चिकै रमाइलो बन्न पुग्छ ।"

क्यारियरका अनुसार अस्पतालले ती सान्त्वना प्रदायक कुकुरहरूलाई खोप लगाइदिनुपर्ने हुन्छ, र उनीहरूसँग हिंड्ने मानिसहरूलाई पनि सुई लगाइदिनुपर्ने हुन्छ । यसका लागि उनीहरू लायनहरूसँग काम गर्छन् । क्यारियर भन्छिन्, "हामीलाई थाहा छ, हाम्रो आवश्यकतालाई पूर्ति गर्नमा उनीहरू सक्षम छन् ।"

नयाँ लायनहरूलाई आकर्षित गर्दै

पअज अफ कम्फर्टबारे जानकारी फैलाउन र नयाँ सदस्यहरूलाई आकर्षित गर्नका लागि क्लबले विभिन्न नशल र आकारका कुकुरहरू अङ्कित बेसबल कार्डहरू वितरण गर्ने गर्छन् । प्रत्येक कार्डमा 'म भकुन्डोलाई लखेट्न मन पराउँछु' वा 'म मानिसहरूलाई खुसी पार्न चाहन्छु' जस्ता वाक्य लेखिएका हुन्छन् । ओर्नर भन्छिन्, "उनीहरूले कुकुरहरूको फोटो अङ्कित क्यालेन्डर पनि बनाइरहेका छन् । उनीहरू ती क्यालेन्डर बेचेर क्लबका लागि अर्थ सङ्कलन गर्छन् ।"



# मन र मस्तिष्कलाई मलजल गर्दै : लिङ्कनएलिमेन्टरी स्कुलमा दि लायन्स क्वेस्ट जर्नी

सेल्बी वासिङ्टन

"लायन्स क्वेस्ट जस्ता कार्यक्रमहरूले हाम्रा केटाकेटीमा जीवनभरिका लागि अमिट छाप पार्छन्," इलिनोईको कालुमेट सिटीमा अवस्थित लिङ्कन एलिमेन्टरी स्कुलका विद्यार्थी सेवाका निर्देशक डा. टामारा योङ भन्छिन्, "एकदिन उनीहरू समुदायका अगुवा बन्ने छन् । तसर्थ हाम्रा विद्यार्थीका लागि हामी लगानी गर्न चाहन्छौँ, र उनीहरूको चरित्र निर्माणका लागि कुन किसिमको पाठ्यक्रमले सघाउ पुऱ्याउन सक्छ भन्ने बुझ्न चाहन्छौँ ।"

सन् २०२० को मार्च महिनामा विद्यालयले लायन्स क्वेस्ट सोसियल एन्ड इमोसनल लर्निङ (एसइएल) प्रोग्राम लागु गरेको थियो । यसका लागि लायन्स क्लब्स् इन्टरनेसनल फाउन्डेसन (एलसिआइएफ)बाट लायन्स क्वेस्ट कम्युनिटी पार्टनरसिपमार्फत प्राप्त युएस डलर ८,६७६ उपयोग गरिएको थियो । प्रमाणमा आधारित बोधगम्य र विश्वव्यापी एसइएल पोग्रामको लायन्स क्वेस्टले केटाकेटी एवम् वयस्कहरूलाई ज्ञान हासिल गरी त्यसलाई प्रभावकारी ढङ्गले प्रयोग गर्न, संवेगलाई बुझ्न र तिनलाई व्यवस्थापन गर्न, लक्ष्य निर्धारण गर्न र त्यसलाई हासिल गर्न, अरूप्रति करुणा महसुस गर्न र त्यसलाई जताउन, सकारात्मक सम्बन्धहरू स्थापना गर्न तथा जवाफदेही निर्णयहरू लिनका लागि सहयोग पुऱ्याउँछ ।

**डा. योङ भन्छिन्, "हामीले त्यस रकमलाई लायन्स क्वेस्ट पाठ्यक्रमको आधारको थालनी गर्नका लागि उपयोग गर्न पायौँ ।"**

डा. योङ आफ्नो कामप्रति लगाव राख्छिन् । प्रारम्भमा उनको रुचि विशेष आवश्यकता भएका विद्यार्थीहरूसँग काम गर्नमा रहेको थियो । उनको व्यावसायिक जीवन केस म्यानेजर हुँदै वर्तमान भूमिकासम्म आइपुगेको थियो । सामाजिक कार्यका क्षेत्रमा उनको पृष्ठभूमिका कारण उनलाई एसइएलमा काम गर्नका लागि सहज भएको छ । उनी आफ्ना विद्यार्थीहरूप्रतिको समभ्रुदारीमा विश्वास गर्छिन्, र उनीहरूलाई एकअर्काप्रति समभ्रुदारी राख्नुपर्छ भन्नेबारे सिकाउँछिन् । तसर्थ यही कारणले गर्दा उनी लायन्स क्वेस्टका कट्टर समर्थक रहेकी छिन् । उनी भन्छिन्, "केटाकेटीसँग काम गर्दा हामी कुनै एक जना बालक वा बालिकाको कुनै एक पक्षसँग मात्र होइन, अपितु उसको सम्पूर्ण पक्षसँग व्यहार गरिरहेका हुन्छौँ ।" यस अतिरिक्त विद्यार्थीहरूलाई एकअर्काबिच विद्यमान भिन्नतालाई आत्मसात् गर्न सघाउने सन्दर्भमा उनी लायन्स क्वेस्टलाई उपयोग गर्छिन् । ती भिन्नताहरू उनीहरूका सांस्कृतिक, जातीय वा घरेलु जीवनसँग सम्बन्धित हुन सक्छन् ।

विद्यालयकी शिक्षिका सामन्था सर्जेजका अनुसार यस कार्यक्रममार्फत



र्थीहरूले सिकेका कुरालाई उनीहरूले आआफ्ना जीवनमा प्रयोग गरिरहेका छन् । उनी भन्छिन्, "वास्तवमा मैले ससाना केटाकेटीलाई आआफ्ना अनुभूतिलाई पहिचान गरी सोअनुरूप काम गर्ने गरेको देखेकी छु ।" बालबालिकामा संवेगात्मक बुद्धिको निर्माण निकै महत्त्वपूर्ण हुन्छ । यसले उनीहरूको जीवनका अन्य पक्षहरूलाई फक्रिन दिनमा मदत पुऱ्याउँछ । लायन्स क्वेस्ट तथा लिङ्कन एलिमेन्टरी स्कुलले विद्यार्थीहरूको संवेगलाई ठिकसँग मलजल पुगिरहेको छ भन्ने सुनिश्चित गर्नका लागि कदम चालिरहेको छ ।

विश्वव्यापी महामारी ताका विद्यार्थी एवम् प्रशासकहरूलाई अनलाइन सिकाइमाथि भर पर्नुपरेको बेला यो कार्यक्रम निकै सहयोगी साबित भएको थियो । त्यस अवधिभर विद्यार्थीहरूले आआफ्ना घरबाट नै लायन्स क्वेस्ट पाठहरू सिकून् भन्नेबारे सुनिश्चित गरिएको थियो । निकै महिनापश्चात् भौतिक उपस्थितिमा सिकाइका लागि विद्यालयहरू पुनः खोलिँदा विद्यालयले फर्किएर आएका विद्यार्थीहरू र पहिला कहिल्यै विद्यालय नआएका विद्यार्थीहरूका लागि लायन्स क्वेस्ट प्रोग्राम लागु गरेको थियो । आज पर्यन्त त्यस विद्यालयले पाठ्यक्रममा लायन्स क्वेस्टलाई निरन्तर प्राथमिकता दिँदै आइरहेको छ ।

डा. योङ भन्छिन्, "लायन्स क्वेस्ट आशाको उपहार हो । यस कार्यक्रमले विद्यार्थीहरूलाई कुनै पनि वातावरणमा सफल बन्नका लागि आवश्यक सिप प्रदान गर्छ ।"

विद्यार्थीहरूका लागि जीवनयापनका लागि आवश्यक सिपहरू तथा थिचोमिचा एवम् लागु पदार्थ दुर्व्यसनको रोकथामका लागि सामाजिक संवेगात्मक सिकाइ पाठ्यक्रम प्रदान गर्दै आएको एलसिएफ्को पहिचान कार्यक्रम लायन्स क्वेस्टबारे थप जानकारीका लागि lions-quest.org मा जानुहोस् ।

Lions Clubs International FOUNDATION

# रिभरसाइड ८३ : एलसिआइएफ्को सहयोगबाट खाद्यान्न अभावलाई सहज बनाउँदै

सेल्बी वासिङ्टन

भोको पेटको जीवन कति कष्टकर हुन्छ भन्ने कुरा आफू स्वयम्ले भोगेपछि थाहा हुन्छ। विश्वभरि झन्डै एक अरब मानिसलाई खाद्य अभावको पीडा भोग्नुपरिरहेको छ भने क्यानाडाको हाल्डिमन्डा र नार्फिक काउन्टीमा प्रत्येक नौ घरपरिवारमध्ये एक परिवारमा खाद्य अभाव रहेको छ।

भोकमरीको मुद्दालाई सम्बोधन गर्नु भनेको केवल सङ्ख्याले मात्र निर्धारण गर्दैन। करुणासहित प्रवर्तनमूलक कार्यद्वारा गरिएको राहत कार्यले पृथक अर्थ राख्छ। विश्वभरिका लायनहरूका लागि रिभरसाइड ८३ कम्युनिटी फुड हब जस्ता संस्थासँग प्रभावकारी सहकार्यले ठुलो अर्थ राख्छ। ओन्टारिओको वेस्ट हाल्डिमन्डा अवस्थित रिभरसाइड ८३ नोरफोक काउन्टीको खाद्यमाथि केन्द्रित संस्था हो। यसले मानिसहरूको जीवनलाई रूपान्तरण गर्दै छ।

यस केन्द्रमा जोखिममा परेका युवालाई पाककला सम्बन्धी सिप सिक्ने र रोजगारको अवसरका लागि सिफारिस प्राप्त गर्ने सम्बन्धमा पृथक स्थानको व्यवस्था गरिएको छ। साथै घरबारविहीन वा आर्थिक रूपमा सङ्घर्षरत व्यक्तिहरूका लागि सुपथ मूल्यको भोजनालय पनि रहेको छ। भोजनालयका लागि खाद्य सामग्रीको आपूर्ति पाँच ओटा सामुदायिक खेतबारी तथा स्थानीय कृषकहरूद्वारा प्राप्त दानबाट गरिन्छ।

यस परियोजनाका लागि आवश्यक कोषका लागि सिम्कोय् लिन भ्याली, सिमकोय्, वाटरफोर्ड, पोर्ट डोभर, जार्भिस, साउथ ब्रान्ट, भिट्टोरिया, हागर्सभिल्ले तथा टाउनसेन्ड जस्ता नौ ओटा स्थानीय लायन्स क्लबले सहयोग गरेका थिए। साथै एलसीएफ् संयोजक बब टाउनसेन्ड, कोषाध्यक्ष पाम बल्लाह तथा डिस्ट्रिक्ट गभर्नर जेफ क्रेनको सहकार्यमा लायन्स क्लब्स् इन्टरनेसनल फाउन्डेसन (एलसिआइएफ्) बाट युएस डलर १६,२७५



सहयोग प्राप्त भएको थियो। एलसिआइएफ् ग्रान्टसँग जोडिएको उनीहरूको प्रयत्नको फलस्वरूप यस परियोजनाले जीवन पाएको थियो। यस अनुदानबाट रेस्टुराँका लागि अनुकूल टेबल तथा मेचहरूलगायत रिभरसाइड ८३ का लागि फर्निचर खरिद गरिएको थियो। दि टिचिङ किचन, दि बजेट बिस्ट्रो, दि ट्रेन्डी क्याफेलाई फर्निसिङ गरी खानेकुराका बट्टा तयार गर्ने स्वयम्सेवकहरूका लागि स्थानको व्यवस्था गरिएको थियो।

यो केवल फर्निचरका लागि चन्दा होइन, अपितु नोरफोक काउन्टीमा खाद्य असुरक्षालाई सहज बनाउने दिशामा एक पाइला हो। आज रिभरसाइड ८३ ले आवश्यकतामा परेकाहरूका लागि ३०० साजी भोजन, १०० चिस्याइएका भोजन तथा १४० खानेकुराका बट्टाहरू उपलब्ध गराउने गर्छ। एलसिएफ्को अनुदानबाट रिभरसाइड ८३ ले वार्षिक १०,००० जना व्यक्तिसम्म पुग्न सकिने छ भन्ने लायनहरूको विश्वास रहेको छ।

दि एलसिआइएफ् हङ्गर ग्रान्ट प्रोग्रामले विद्यालयमा भोजन कार्यक्रमहरू, खाद्य बैङ्कहरू, भोजन केन्द्रहरूमार्फत अपरिहार्य रूपमा खाद्यको आवश्यकता रहेकाहरूसम्म पुग्नका लागि लायनहरूलाई सक्षम बनाउँछ। लायन्स डिस्ट्रिक्ट्सले युएस डलर १०,००० देखि १००,००० सम्म अनुदान पाउन सक्छन्। हङ्गर ग्रान्ट्सले भोकमरी निवारणमाथि केन्द्रित परियोजनाहरूको भौतिक संरचना तथा उपकरण खरिदका लागि सहयोग उपलब्ध गराउँछ।

एक अरब मानिसहरू भोकमरीसँग सङ्घर्षरत रहेको विश्वव्यापी चुनौतीका बिच दि रिभरसाइड ८३ कम्युनिटी फुड हब प्रोजेक्टले तथ्याङ्कलाई होइन, बरु मूर्त सहानुभूति र सक्रिय रूपान्तरणलाई अङ्गीकार गर्छ। एलसिआइएफ हङ्गर ग्रान्ट्समार्फत लायनहरूले समुदायलाई भोकमरी विरुद्ध लड्नका लागि सक्षम बनाउँदै दिगो समाधानका दिशामा योगदान पुऱ्याएका छन्।

एलसिआइएफ्बारे थप जानकारीका लागि **lcif.org/hunger** मा जानुहोस्।



LIONS INTERNATIONAL
TEXAS
RTH FONTANA
ENTENNIAL
IONS CLUB
LIONS
TEXAS
District A
Ont. & Que.
Canada
NEWFOUNDLAND-ST. PIERRE ET MIQUELON-MAINE
NEW BRUNSWICK-NOVA SCOTIA-PRINCE EDWARD ISLAND
INTERNATIONAL DISTRICT 41
MATANZAS, CUB



# विरासतलाई फेला पार्दै

## नयाँ लायनले पुरानो स्मृतिचिह्न फेला पार्दै आफ्ना हजुरबालाई सम्मान गरेका छन् ।

### हन्नाह जेट्टल

क्यालिफोर्नियाको फोन्टानाका एल्मो केल्लीले बसन्त यामको सफाइका क्रममा एकदिन कल्पना नै नगरेको वस्तु फेला पारेका थिए । त्यस वस्तुले विगतलाई अनावरण गर्दै उनलाई भविष्यसँग जोडिदिएको थियो । उनको भण्डार कोठामा पुरानो अवस्थामा रहेको रङ्गीचङ्गी पिनहरू जडित चहकिलो प्याजी र पहेँलो रङको एउटा टोप भेटिएको थियो । त्यो टोप केल्लीका हजुरबा फेलिक्स जस्टो लोपेजको समयको थियो । सन् १९५० देखि १९६० का दशकको पूर्वाद्ध अवधिमा उनले क्युबामा लायनका रूपमा काम गरेका थिए ।

केल्लीले बताउँछन्, “मेरा हजुरबा क्युबाको मान्टान्जाज क्लबका अध्यक्ष थिए । क्युबामा फिडेल क्यास्ट्रो सत्तामा आएपछि उनी मेरा हजुरआमा र आमासँगै क्युबादेखि भागेर आएका थिए । यहाँ पनि लायनका रूपमा उनी सक्रिय रहेका थिए । फ्लोरिडाको मियामीका उनी प्रतिष्ठित लायन थिए ।”

क्युबामा पहिलो लायन्स क्लबको स्थापना सन् १९२७ मा भएको थियो । सन् १९४० का दशकको पूर्वाद्धसम्म आइपुग्दा क्लबका सदस्य सङ्ख्या ९०० पुगिसकेको थियो । त्यो समय त्यो क्लब विश्वकै सबैभन्दा ठुलो लायन्स क्लब रहेको थियो । डा. रामिरो कोलाहो त्यस मुलकबाट पहिलो अन्तर्राष्ट्रिय अध्यक्ष बनेका थिए । उनले सन् १९४५-४६ मा अध्यक्षको पदभार सम्हालेका थिए । अहिले क्युबामा अन्तर्राष्ट्रिय लायन्सको कुनै पनि सक्रिय क्लब रहेको छैन ।

सन् २०२३ मा केल्लीले फेसबुकमा आफ्ना हजुरबाको स्मृतिचिह्नका फोटोहरू राखेका थिए । उनले कुनै क्लबसँग आबद्ध हुने इच्छासमेत जाहेर गरेका थिए । उनका कथा सुनेर विश्वभरिका लायनहरू प्रफुल्ल भएका थिए । दि नर्थ फोन्टाना सेन्टिनियल लायन्स क्लबले उनीहरूको बैठकमा उनलाई आमन्त्रण गरेको थियो । सो बैठकमा भागलिए उप्रान्त केल्लीले तत्काल आफ्ना लागि उक्त क्लब उपयुक्त रहेको निर्णय गरेका थिए । उनको फेसबुक पोस्टको तीन महिनापछि यी शिक्षक एवम् कविले औपचारिक रूपमा लायन्समा प्रवेश गरेका थिए ।

डिस्ट्रिक्ट ४-एल५ जिइटी तथा जिएलटी कोअर्डिनेटर लिडिया पेट्रोभ-जोन्स भन्छिन्, “लायन्सको विरासत भनेको हामीलाई सुनाइएको कथा हो । यो वर्षौंदेखि हाम्रा हजुरबा, हजुरआमा, बुबा, दिदी आदिले विश्वलाई दिँदै आएका उपहार हो । एल्मोको जस्ता कथा सुनेर हाम्रा सम्पदाप्रति हामी गौरवान्वित हुनुपर्छ । साथै हामीले कसरी हाम्रा परिवार र विश्वलाई प्रभाव पारिरहेका छौँ भन्नेबारे पनि हेक्का राख्नुपर्ने हुन्छ ।”

केल्लीलाई आफ्ना हजुरबाकै मुखबाट लायनका रूपमा उनको यात्राबारे सुन्न पाएको भए कति जाती हुन्थ्यो होला भन्ने लाग्छ । तथापि दशकौं अगाडि आफ्नो बहादुरीद्वारा नातिका लागि यो जीवन र अवसरका लागि मार्ग निर्माण गरिदिएका हजुरबासँग निकट रहने उपाय भेटिएकोमा उनी निकै प्रसन्न छन् । केल्लीलाई लायनका रूपमा सेवा कार्य गरेर आफूले हजुरबाको सम्मान गरेको अनुभव हुन्छ । कुनै दिन यस परम्परालाई आफ्ना केटाकेटीलाई हस्तान्तरण गर्ने उनको अभिलाषा रहेको छ ।



केल्ली भन्छन्, “मलाई लाग्छ, लायन्सको सदस्य बन्नका लागि मलाई बोलाइएको नै मेरा हजुरबाले सुरु गरेका परम्परालाई बोक्नका लागि थियो । मेरा लागि सदस्य बन्नु नै सुखद कुरो थियो, साथै म समुदायका लागि सेवा कार्य गर्नका लागि उत्साहित छु । मेरा हजुरबा मदेखि गौरवान्वित भइरहनुभएको होला ।”

# लायन

अन्तर्राष्ट्रिय लायन्स

स्टाफ
प्रधान सम्पादक : सञ्जीव आहुजा
सिर्जनात्मक निर्देशक : डान हेर्भे
प्रबन्ध सम्पादक : क्रिस्टोफर बञ्च
वरिष्ठ सम्पादक : जेनी म्याक्से
सहायक सम्पादक : जोन केरी
परियोजना प्रबन्धक : ब्रेट ह्यारिङ्टोन
डिजाइन टोली : अन्द्रे बर्न्स, जेसन लिञ्च, मोर्गन एट्किन्स, लिजा स्मिथ, क्रिस वेइब्रिङ, सुन्या हिन्ज

**कार्यकारी अधिकृतहरू**

प्रेसिडेन्ट डा. प्याट्टी हिल, क्यानाडा; इमिडियट पास्ट प्रेसिडेन्ट ब्रियान इ. सिहान, संयुक्त राज्य अमेरिका; फर्स्ट भाइस प्रेसिडेन्ट फाब्रिचियो ओलिभेरा, सेकेन्ड भाइस प्रेसिडेन्ट ए. पी. सिंह, भारत; थर्ड भाइस प्रेसिडेन्ट मार्क एस. लिओँ, संयुक्त राज्य अमेरिका

**निर्देशकहरू**

सेकेन्ड इएर डाइरेक्टर्स

बेन एपल्यान्ड, युएसए; जीतेन्द्र कुमार सिंह चौहान, भारत; बारबरा ग्रिवे, जर्मनी; जेफ छाङवेई ह्वाङ, चीन; टिमोथी इर्भिन, अस्ट्रेलिया; रोनाल्ड युजेन केलर, युएसए; ग्य ओ ली, गणतान्त्रिक कोरिया; रबर्ट के. वाई. ली, युएसए; रामकृष्णन मथनगोपाल, भारत; मनोल मेस्सिआ मेलो, ब्राजिल; अहमद सलेम मोस्तफा, इजिप्ट; जेम्स 'जे' कोलमन महन, युएसए; महेश पास्कल, गणतान्त्रिक श्रीलङ्का; समीर अबु साम्रा, लेबनान; काजी त्सुरुसिमा, जापान; पिर्को विहावेनेन्, फिनल्यान्ड; हुर्ग वोट, स्विट्जरल्यान्ड; ली व्रिजे, युएसए

**फर्स्ट इएर डाइरेक्टर्स**

बालकृष्ण बुर्लाकोटी, नेपाल; फेङ-ची चेन, चीन ताइवान; मारी टी. कनिङ, युएसए; मार्सल डानियल्स, बेल्जियम; लुई जेसस कास्टियो गाम्बो, पनामा; बाबु राव घट्टामणि, भारत; मासासी हामानो, जापान; एड्विन गाई ओलान्डर, युएसए; सुङ-गिल जुङ, गणतान्त्रिक कोरिया; हल्डोर क्रिस्टयनसन्, आइसल्यान्ड; डन्याल क्युबिन, टर्की; जोन एलेन लरेन्स, युएसए; स्टिभेनन मिडलमिस, युएसए; हान्स जे. नेहार्ट, युएसए; जोने ओग्डेन, क्यानाडा; एन्थोनी पाराडिसो, युएसए; कात्सुकी सिरोसाका, जापान

---

अन्तर्राष्ट्रिय लायन्सको आधिकारिक प्रकाशन 'दि लायन म्यागाजिन' बोर्ड अफ  डाइरेक्टर्सद्वारा १९ भाषामा प्रकाशन गरिन्छ : अङ्ग्रेजी, स्पेनिस, जापानिज, फ्रेञ्ज, स्विडिस, इटालियन, जर्मनन, फिनिस, कोरियन, पोर्चुगिज, डच, डेनिस, चिनिया, ग्रीक, नर्वेजियन, टुर्क, थाई, नेपाली तथा हिन्दी।



इन्टरनेसनल एसोसियसन्स अफ लायन्स क्लबमा सर्वाधिकार सुरक्षित ी २०२३। सर्वाधिकार सुरक्षित। केही सङ्क्षिप्त भनाइबाहेक लिखित स्वीकृतिविना पूरा वा आंशिक अंशको पुनःप्रकाशन गर्न बर्जित गरिएको छ।






## अहिले मेम्बर टुल्स भेटाउन सजिलो भएको छ

हालसालै हाम्रो वेबसाइट नेभिगेसनलाई अद्यावधिक गरिएको छ । यसबाट आफ्नो सेवा कार्यको योजना गर्न र तिनलाई प्रबर्द्धन गर्ने सम्बन्धमा सूचना, टुल्स तथा स्रोतहरु सजिलै खोज्न सकिने छ । साथै हाम्रा डिस्ट्रिक्ट र क्लबहरुलाई फस्टाउन र नेतृत्व गर्नमा पनि यसले सहयोग पुऱ्याउने छ ।

कोडलाई स्क्यान गर्नुहोस् वा आजका अद्यावधिक जानकारी खोज्नका लागि lionsclubs.org/member-resource-center मा जानुहोस् ।

# मल्टिपल डिस्ट्रिक्ट ३२५

## अन्तर्राष्ट्रिय पदाधिकारीहरुको नेपाल भ्रमण

### International President Dr. Patti Hill

फरवरी २६, २०२४ लायन्स क्लब्स् अन्तर्राष्ट्रियका अन्तर्राष्ट्रिय अध्यक्ष Dr. Patti Hill र उहाँका श्रीमान् Gregory Paul Douglas Holmes तिन दिने नेपाल भ्रमणमा आउनुभयो । उहाँहरूलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा भव्य स्वागत गरियो ।






उहाँको सम्मानमा २७ फरवरीका दिन एलफ्ट होटल, ठमेल, काठमाडौंमा ब्याङ्वेटको आयोजना गरियो । साथै उक्त दिन बिहान गणतन्त्र नेपालका सम्माननीय प्रधानमन्त्री पुष्पकमल दहालसँग लायन्स अन्तर्राष्ट्रियले नेपालमा गरिरहेको सहयोग तथा परियोजना, सञ्चालनको अवस्थामा रहेको लायन्स ब्लड बैंक र गर्न सक्ने सहयोगको सम्बन्धमा भेटवार्ता गर्नुभएको थियो ।




उहाँले नेपालमा संचालित लायन्स परियोजनाको जानकारी लिनुका साथै लायन्स ब्लड बैंकको अवलोकन गर्नुभएको थियो । ३ दिने भ्रमण सम्पन्न गरी फरवरी २८ मा उहाँहरूलाई बिदाई गरियो ।

### International Second Vice President A. P. Singh

मार्च २९, २०२४ लायन्स क्लब्स् अन्तर्राष्ट्रियका अन्तर्राष्ट्रिय द्वितिय उपाध्यक्ष A. P Singh तिन दिने भ्रमणमा आउनुभयो । उहाँहरूलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा भव्य स्वागत गरियो । उहाँको साथमा Service in Partner PID Sangeeta Jatia, PID Pravin Chhajed, PDG Nazmul Haque समेत हुनुहुन्थ्यो ।



उहाँको सम्मानमा ३० मार्चका दिन होटल Dusit Princes, लाजिम्पाट, काठमाडौंमा ब्याङ्वेटको आयोजना गरियो । मार्च ३१ का दिन उहाँले First Vice District Governor तथा 2nd Vice District Governors सँग लायनिजमको विकास

तथा विस्तार सम्बन्धमा छलफल गर्नुभयो । उक्त अवसरमा अन्तर्राष्ट्रिय निर्देशक बालकृष्ण बुर्लाकोटी, पूर्व अन्तर्राष्ट्रिय निर्देशक ई. संजय खेतान समेत हुनुहुन्थ्यो ।

उहाँहरूले नेपालमा संचालित लायन्स परियोजनाको जानकारी लिनुका साथै लायन्स ब्लड बैंकको समेत अवलोकन गर्नुभएको थियो । ३ दिने भ्रमण सम्पन्न गरी मार्च ३१ मा उहाँहरूलाई बिदाई गरियो ।






## International Director Jitendra Kumar Singh Chauhan

मे २४, २०२४ मल्टिपल डिष्ट्रिक्ट ३२५ को मे २५ मा हुन गईरहेको वार्षिक अधिवेशनको प्रमुख अतिथीको आतिथ्यताका लागि International Director Jitendra Kumar Singh Chauhan / Spouse Madam Babita Singh मे २४ मा आउनुभयो ।

उहाँहरूले नेपालमा संचालित लायन्स परियोजनाको जानकारी लिनुका साथै लायन्स ब्लड बैंकको समेत अवलोकन गर्नुभएको थियो । ४ दिने भ्रमण सम्पन्न गरी मे २७ मा उहाँहरूलाई बिदाई गरियो ।

## Training to Elect District Officer

मे २६, २०२४ मा आगामि वर्ष २०२४/२०२५ का गभर्नर, प्रथम तथा द्वितीय भाईस गभर्नर, क्याबिनेट सेक्रेटरी र ट्रेजररहरूका लागि आगामी वर्षको कार्यदिशा, लेखा व्यवस्था, डिष्ट्रिक्ट तथा अन्तर्राष्ट्रियमा समन्वय सम्बन्धमा एक दिने तालिम सम्पन्न गरियो । अन्तर्राष्ट्रिय निर्देशक बालकृष्ण बुर्लाकोटी, पूर्व अन्तर्राष्ट्रिय निर्देशक ई. संजय खेतानले तालिमको सहजिकरण गर्नुभएको थियो । काउन्सिल चेयरपर्सन सी. बि. चन्दको अध्यक्षतामा सम्पन्न कार्यक्रमको संयोजन GLT Mutiple Coordinator पूर्व गभर्नर डि. के. ढुङ्गानाले गर्नुभएको थियो ।



## GAT Review Conclave

फरवरी १३-१४, २०२४ मा Ghyampedanda Resort, Bhaktapur मा GAT Review Conclave सम्पन्न गरियो । अन्तर्राष्ट्रिय निर्देशक बालकृष्ण बुर्लाकोटीको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रममा GAT Constitutional Area Leader PID Er. Sanjay Khetan, GAT Area Leader PCC Khagendra Sitaula, LCIF Area Leader Rajan Lamsal लगाएतले यस वर्षका लागि निर्धारण गरिएको कार्यक्रम, योजना तथा लक्ष्यहरूको प्रगति समिक्षा गर्नुका साथै नयाँ लक्षहरू तय गरिएको थियो ।




## District Convention

मल्टिपल डिस्ट्रिक्ट ३२५ अन्तर्गत १५ वटै डिस्ट्रिक्टहरूको वार्षिक अधिवेशन सम्पन्न भै आगामी वर्षका लागि निम्न बमोजिम पदाधिकारीहरू निर्वाचित हुनुभएकोछ ।

| S N | Designation | Name | Cell No | Email | District |
|---|---|---|---|---|---|
| 1 | DG 325 C | Bikash Adhikari | 9852024930 | adhikarib333@gmail.com | 325 C |
| 2 | DG 325 D | Surendra Prakash Balay | 9851067083 | surendra.balay@gmail.com | 325 D |
| 3 | DG 325 E | Ram Sharan Basnet | 9851095955 | basnetramsharan@gmail.com | 325 E |
| 4 | DG 325 F | Shankar Kumar Sharda | 9852820602 | shankar.sharda53@gmail.com | 325 F |
| 5 | DG 325 G | Dr Kamal Bahadur Kayastha | 9851026716 | kamalkayastha123@gmail.com | 325 G |
| 6 | DG 325 H | Vimal Kumar Hoda | 9841305739 | vimalhoda@yahoo.com | 325 H |
| 7 | DG 325 I | Binod Dhungana | 9856022044 | pragatitt@gmail.com | 325 I |
| 8 | DG 325 J | Milan Thapa | 9856049802 | thapamilan53@yahoo.com | 325 J |
| 9 | DG 325 K | Nira Bajracharya | 9849636659 | nirabajracharya@gmail.com | 325 K |
| 10 | DG 325 L | Suman Bhatta | 9851144712 | bhattasuman21@yahoo.com | 325 L |
| 11 | DG 325 M | Chandi Prasad Aryal | 9856020229 | chandi.email29@gmail.com | 325 M |
| 12 | DG 325 N | Binod Kumar Shrestha | 9857820218 | binod20218@gmail.com | 325 N |

| | | | | | |
|---|---|---|---|---|---|
| 13 | DG 325 P | Purushotam Bhakta Pradhanang | 9851167200 | purshotampradhanang123@gmail.com | 325 P |
| 14 | DG 325 R | Dina Nath Neupane | 9845046440 | dinanathn24@gmail.com | 325 R |
| 15 | DG 325 S | Tashi Dolma Tumbahangphe | 9845031735 | dolmatumbahangphe@yahoo.com | 325 S |
| 16 | 1st VDG 325 C | Babarjung Thapa | 9852670679 | lionbabarjung@gmail.com | 325 C |
| 17 | 1st VDG 325 D | Mahesh Acharya | 9841284595 | acharyamahesh30@gmail.com | 325 D |
| 18 | 1st VDG 325 E | Hira Prasad Gupta | 9851070101 | hgupta_42@yahoo.com | 325 E |
| 19 | 1st VDG 325 F | Keshar Bahadur Bhandari | 9851020062 | kesharbhandari@hotmail.com | 325 F |
| 20 | 1st VDG 325 G | Vidhan Joshi | 9851055132 | lionvidhan@gmail.com | 325 G |
| 21 | 1st VDG 325 H | Rabindra Bahadur Pradhan | 9851046921 | rb.pradhan10@gmail.com | 325 H |
| 22 | 1st VDG 325 I | Parbati Kharel Pandey | 9851197669 | parbatik5day@gmail.com | 325 I |
| 23 | 1st VDG 325 J | Milan Babu Malla | 9851024756 | mallamilan@yahoo.com | 325 J |
| 24 | 1st VDG 325 K | Durga Prasad Humagain | 9851168572 | durgahumagain9@gmail.com | 325 K |
| 25 | 1st VDG 325 L | Yek Narayan Sharma | 9856028128 | ynsharma61@yahoo.com | 325 L |
| 26 | 1st VDG 325 M | Dhaniram Baral | 9856029331 | dhanirambaral@yahoo.com | 325 M |
| 27 | 1st VDG 325 N | Gyanendra Kumar Shrestha | 9858020451 | gyanendrashrestha248@yahoo.com | 325 N |
| 28 | 1st VDG 325 P | Balaram Bhattarai | 9857035553 | balaram.butwal@gmail.com | 325 P |
| 29 | 1st VDG 325 R | Nab Raj Sapkota | 9855059690 | lionnabrajsapkota@gmail.com | 325 R |
| 30 | 1st VDG 325 S | Binay Basnet | 9851030493 | lionbinaybasnet@gmail.com | 325 S |
| 31 | 2nd VDG 325 C | Lila Prasad Chimariya | 9852672187 | chimariyalila@gmail.com | 325 C |
| 32 | 2nd VDG 325 D | Yograj Kandel | 9851029333 | yograjkandelsharma@gmail.com | 325 D |
| 33 | 2nd VDG 325 E | Shyam Kumar Yadav | 9851199655 | shyamky2059@gmail.com | 325 E |
| 34 | 2nd VDG 325 F | Ajaya Prasad Khanal | 9801027890 | aj.khanallions@gmail.com | 325 F |
| 35 | 2nd VDG 325 G | Uttam Prasad Kayastha | 9851031406 | uttamkayastha@gmail.com | 325 G |
| 36 | 2nd VDG 325 H | Uddhab Silwal | 9851060853 | uddhabsilwal25@gmail.com | 325 H |
| 37 | 2nd VDG 325 I | Surya Kumar KC | 9851138900 | suryakc222@gmail.com | 325 I |
| 38 | 2nd VDG 325 J | Prajapati Bastola | 9856020613 | prajapatibastola@gmail.com | 325 J |
| 39 | 2nd VDG 325 K | Ramesh Adhikari | 9851026557 | rameshadh02@gmail.com | 325 K |
| 40 | 2nd VDG 325 L | Tara Bhusal | 9851129862 | bhusaltara9@gmail.com | 325 L |
| 41 | 2nd VDG 325 M | Ratna Prasad Parajuli | 9851222146 | parajuli317@gmail.com | 325 M |
| 42 | 2nd VDG 325 N | Tikaram Chapai | 9858050500 | tikaram.chapai@yahoo.com | 325 N |
| 43 | 2nd VDG 325 P | Sandeep Kasaudhan | 9857028598 | saralsandeep@yahoo.com | 325 P |
| 44 | 2nd VDG 325 R | Pravakar Pandit | 9855056398 | pravakarpandit@gmail.com | 325 R |
| 45 | 2nd VDG 325 S | Ram Bihari Pandey | 9855022817 | lsspl151@gmail.com | 325 S |

## Multiple District Convention

मे २५, २०२४ का दिन नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादीमा मल्टिपल डिस्ट्रिक्ट ३२५ को वार्षिक अधिवेशन सम्पन्न भयो । अन्तर्राष्ट्रिय निर्देशक Jitendra Kumar Singh Chauhan को प्रमुख आतिथ्यतामा सम्पन्न उक्त अधिवेशनमा अन्तर्राष्ट्रियबाट प्राप्त Presidential Medal, Leadership Medal, International President's Certificate र Appreciation Certificate बाट सम्मान गरिएको थियो ।

आगामी वर्षका लागि मल्टिपल काउन्सिलमा निम्नबमोजिम निर्वाचित हुनुभएको थियो ।

| | | |
|---|---|---|
| 1 | Multiple Council Chairperson | Ramesh Kumar Lama |
| 2 | Multiple Council Vice Chairperson | Milan Thapa |
| 3 | Multiple Council Secretary | Tashi Dolma Tumbahangphe |
| 4 | Multiple Council Treasurer | Shankar Kumar Sharda |
| 5 | Multiple Council Joint Secretary | Binod Kumar Shrestha |

**District wise Membership LY 2023-2024 (as on 30.06.2024 Closing)**

| District | Opening Membership | Member Added in this Fiscal Year | Drop in this Fiscal Year | Closing Membership | Net Growth |
|---|---|---|---|---|---|
| 325 C | 3450 | 556 | 1077 | 2929 | -521 |
| 325 D | 2172 | 638 | 961 | 1849 | -323 |
| 325 E | 2128 | 782 | 1086 | 1824 | -304 |
| 325 F | 2676 | 931 | 1041 | 2566 | -110 |
| 325 G | 2731 | 1224 | 1158 | 2797 | 66 |
| 325 H | 2141 | 1336 | 867 | 2610 | 469 |
| 325 I | 2904 | 1925 | 510 | 4319 | 1415 |
| 325 J | 2203 | 752 | 568 | 2387 | 184 |
| 325 K | 3342 | 1172 | 1123 | 3391 | 49 |
| 325 L | 2389 | 725 | 694 | 2420 | 31 |
| 325 M | 2959 | 934 | 584 | 3309 | 350 |
| 325 N | 2171 | 945 | 758 | 2358 | 187 |
| 325 P | 3456 | 979 | 1184 | 3251 | -205 |
| 325 R | 3643 | 932 | 1008 | 3567 | -76 |
| 325 S | 1720 | 691 | 677 | 1734 | 14 |
| | 40085 | 14522 | 13296 | 41311 | 1226 |



Warm Clothes and Stationary Distribution in joint collaboration of Different LC of Area IV




Free health Camp organized by LC Kanakai Surunga and Leo Club of Kanaki Surunga




Second Annual District Convention of District 325 C



Food Item Distribution to Old Age Home at Damak



Welcoming International Director and PID at Chandragadi Airport by District Cabinet Secretary and Team



Reading of Convention pledge during 2nd Annual District Convention, District 325 C




Cabinet Officers Installation Ceremony of District 325 C For LY 2023-2024




क्षितिज पारीको सेवा : शिवपुरी गाँउपालिका भूमिदेवी माध्यमिक विद्यालयमा कपि तथा झोला वितरण कार्यक्रम ।



धादिङ्ग जिल्लाको श्री प्रजा अधारभुत विद्यालयमा कपि तथा विद्यालय पोशाक वितरण ।





चौथो क्याबिनेट मिटिंग तथा पुरस्कार बितरण समारोह ।






डिस्ट्रिक्ट पदाधिकारीहरुको लायन वर्ष २०२४-२०२५ को लागि प्रशिक्षण कार्यक्रम ।






रक्तदान कार्यक्रम



भोजनसेवा तथा खाद्यान्न वितरण कार्यक्रम ।



क्षितिज पारीको सेवाः काभ्रेपलान्चोक जिल्लाको विकट गाउँमा अग्नि पिडितहरुको लागि जस्ता पाता वितरण ।






डिस्ट्रिक्ट ३२५ ई को दोस्रो वार्षिक अधिवेशन ।

# Lions International District 325 F






२०२४, जनवरी १२ देखि १४ सम्म लायन्स इन्टरनेशनलबाट स्वीकृत प्राप्त प्रशिक्षण - इमर्जिङ् लायन्स लिडरसिप इन्स्टीच्युट (ELLI) डिष्ट्रिक्ट ३२५ एफ ले आयोजना गर्यो । यस महत्त्वपुर्ण नेतृत्व विकास र सशक्तीकरण तालिममा डिष्ट्रिक्टका विभिन्न क्लबहरूबाट २५ जना प्रेसिडेन्ट वा अन्य क्लब पदाधिकारीहरूको सहभागीता रहेको थियो । यो ELLI तालिम डिष्ट्रिक्ट ३२५ एफ मा पहिलो पटक आयोजना गरिएको हो । त्यसैगरी डिष्ट्रिक्ट लायन्स लिडरसिप इन्स्टीच्युट (DLLI) तालिम सम्पन्न भएको छ जसमा डिष्ट्रिक्टका विभिन्न क्लबहरूबाट ३० जना प्रेसिडेन्ट वा पाष्ट प्रेसिडेन्टहरूको सहभागिता थियो । यो तालिम पनि जनवरी १२–१४, २०२४ मा धुलिखेलको होटल सारथीमा आयोजना गरिएको थियो । तालिमको प्रशिक्षण लायन्स अन्तराष्ट्रियबाट FDI ग्राजुएट हुनु भएका पाष्ट डिष्ट्रिक्ट गभर्नरहरू क्रमशः रूद्रहरि ज्ञवाली, डा. राजेन्द्र गिरी, डि. आर. खनाल र मधुकर उपाध्यायले दिनु भएको थियो । सम्पुर्ण तालिमको ब्यवस्थापन GLT डिष्ट्रिक्ट कोअर्डिनेटर लम्बोदर धिमिरेले गर्नु भएको थियो ।

## स्पेसिएल्टी क्लब वर्कशपः

२५ अगस्त, २०२३ का दिन डिष्ट्रिक्ट ३२५ एफले मल्टिपल डिष्ट्रिक्ट मै पहिलोपटक एक दिने स्पेसिएल्टी क्लब वर्कशप सम्पन्न गर्यो । यो वर्कसप लायन्स इन्टरनेशनल द्वारा स्वीकृत कार्यक्रम हो जसमा डिष्ट्रिक्टका विभिन्न क्लबहरूबाट ५० जना सहभागी थिए । लायन्स अन्तराष्ट्रियको विशेष क्षेत्रलाई लायन्सको भावना र विचारसँग जोड्न र सेवा अभियानलाई विस्तार गर्ने उद्देश्यले सुरू गरिएको यो स्पेसिएल्टी क्लबको अवधारणाका विषयमा व्यापक






छलफल भएको थियो । यस वर्कसपबाट ६ वटा स्पेसिएल्टी क्लब खोल्न सफलता मिलेको छ । कार्यक्रमको आयोजना स्पेसिएल्टी क्लब कोअर्डिनेटर पाष्ट डिष्ट्रिक्ट गभर्नर मधुकर उपाध्यायले गर्नु भएको थियो भने श्रोत व्यक्तिका रूपमा पाष्ट डिष्ट्रिक्ट गभर्नर द्वय मधुकर उपाध्याय र रूद्रहरि ज्ञवालीले संचालन गर्नु भएको थियो ।

डिष्ट्रिक्ट ३२५ एफ ले लायन वर्ष २०२३-२०२४ मा लायन्स अन्तर्राष्ट्रियबाट केही महत्वपूर्ण परियोजनाहरू प्राप्त गर्न सकेको छ । LCIF अनुदान :

१. यो वर्ष, Lions Clubs International Foundation (LCIF) ले एउटा म्याचिङ्ग ग्राण्ट स्वीकृत गरेको छ । सिन्धुपाल्चोकमा श्री बाल कल्याण आधारभूत विद्यालयको स्तरोन्नति गर्न १,३२,७२०.५८ डलर बराबरको MAT23314 / 325–F परियोजना कार्यान्वयनको क्रममा छ । यस परियोजना अन्तरगत विद्यालय भवन निर्माण गरिनेछ, उक्त परियोजनामा ७५% रकम लायन्स अन्तर्राष्ट्रियबाट र २५% रकम सिन्धुपाल्चोकको चौतारा नगरपालिकाबाट जुटाईनेछ ।

२. त्यसैगरी, लायन्स क्लब इन्टरनेशनल फाउन्डेसन (LCIF) बाट दुई वटा नयाँ परियोजनाहरु पनि स्वीकृत हुने प्रकृयामा रहेको छ ।

a ज्योति जनता बहुमुखी क्याम्पस उदयपुर HGR24514–325F का लागि १,००,००० डलर बराबरको क्याम्पसमा क्यान्टिन भवन निर्माण र आवश्यक सामाग्री उपलब्ध गराउने ।

b उदयपुर जिल्ला अस्पताल MAT24597–325F को ICU इकाईको स्तरोन्नति गर्न १०,००० डलर बराबरको परियोजना जसमा त्रियुगा नगरपालिकाले लागतको २५% रकम उपलब्ध गराउनेछ ।

## लक्ष्य पूरा गर्न सफल १

मल्टिपल डिष्ट्रिक्ट ३२५, नेपालमा MJF/LCIF को लक्ष्य पूरा गर्ने एक मात्रै डिष्ट्रिक्ट ३२५ एफ भएकोछ । Lions Clubs International Foundation (LCIF) ले दृष्टि, विपदमा राहत लगायत मानवीय सेवाका क्षेत्रमा अविरल आफ्नो सेवालाई वृद्धि र निरन्तरता दिइरहेको छ । यो लायन्स इन्टरनेशनलको अभिन्न अंग मात्र होइन, यो विश्वभर मानवीय सेवा परियोजनाहरु सञ्चालन गर्ने विश्वको सबैभन्दा ठूलो फाउन्डेशन पनि हो । यसले विश्वभरबाट आर्थिक योगदान प्राप्त गर्दछ जुन मानवीय सेवा सञ्चालनको मुख्य आधार हो । यस फाउन्डेसनबाट परियोजनाहरु ल्याउनु मात्र होइन, यो

Lions Clubs International FOUNDATION

फाउन्डेसनलाई बलियो बनाउनु पनि हाम्रो कर्तव्य हो । यस वर्ष नेपाल मै सबैभन्दा बढी योगदान जम्मा गर्न सफल डिष्ट्रिक्ट ३२५ एफ ले $30,000 भन्दा बढी रकम जम्मा गर्न सफल भएको छ ।

## लायन्सको आयोजनामा मैत्रीपुर्ण फुटबल प्रतियोगिता

"फुटबल फर फेलोशिप" भन्ने नाराका साथ लायन्स क्लब अफ काठमाडौ सिन्धु चौतारा सिटीको नेतृत्व र संयोजकत्वमा 'लायन्स कप' मैत्रीपूर्ण फुटबल प्रतियोगिता हरेक वर्ष हुने गरेकोछ । सिन्धुपाल्चोक जिल्लाको चौतारामा हरेक वर्ष सम्पन्न हुने यस फुटबल प्रतियोगितामा जिल्ला स्तरीय एक दर्जन फुटबल टिमहरू सहभागी हुन्छन, चौतारा साँगागढी नगरपालिका, निजामती कर्मचारी मिलन केन्द्र, ईन्जिनियरिङ्ग एसोसिएसन, पत्रकार महासंघ, शिक्षक संगठन एवं विभिन्न स्थानिय क्लबहरूले यसमा आ-आफ्नो टिम बनाएर मैत्रीपूर्ण प्रतिस्पर्धामा




सामेल हुन्छन । तेस्रो लायन्स कप मैत्रीपूर्ण फुटबल प्रतियोगिता यही असार ७ र ८ गते चौतारा टुडिखेलमा सम्पन्न भएको छ । यस फुटबल फर फेलोशिप मैत्रीपूर्ण फुटबल प्रतियोगिताले सेवा संगै नेतृत्व विकास, खेलकुद र मनोरञ्जनलाई बढावा दिदै समाजमा लायन्स क्लबको छवि विस्तार र ब्राण्डिङ्ग गरेको छ ।

# Lions International
# District 325 G, Multiple District 325, Nepal
# 2023-2024 Highlights

## PDG Meetings and Cabinet Officers Announcement

District Governor Dipak Krishna Prajapati convened several PDG meetings this year for guidance and support from senior Leaders on several matters. The District Cabinet Officers' Announcement Program, a significant event held on May 24, 2023, at Maxims Banquet in Kupondole Height, Lalitpur, was a pivotal gathering within the District 325 G. Under the guidance of District Governor Dipak Krishna Prajapati, the event brought together esteemed Lions dignitaries to unveil and announce the proposed Cabinet Officers for the Lions Year 2023-2024.

## Cabinet Officers' Schooling Program

On 9-11 June 2023 Cabinet Officers' Schooling for District Cabinet Officers of LY 2022-2023 was held at Hotel Ghyampe Danda Bhaktapur. The program was presided over by District Governor-Elect Dipak Krishna Prajapati and during the program PID Er. Sanjay Khetan, International Director Endorsee Balkrishna Burlakoti, GAT area leader Khagendra Sitaula, Multiple Council Chairperson Keshav Pandey, District Governor Uttam Prasad Jha, and other leaders have felicitated at the program.

## Lions Week Preparation Meeting and Service Week

A Lions Week Preparation Meeting on June 24, 2023, facilitated the planning and coordination of Service Week programs. The Lions Service Week unfolded from July 1 to 7, 2023, with impactful initiatives including hunger relief programs, environmental clean-up drives, and health awareness campaigns.

## Club Officers Training Program

The Club Officers Training Program empowered club officers with leadership skills through comprehensive training sessions, led by District Governor Dipak Krishna Prajapati, ensuring effective club administration and community service.

## District Governor's Team Meeting to Support Landslide victim of Panauti and Earthquake Victim of jajarkot

The District Governor called the District Governor Team Meeting with the District officer to decide how to support the Landslide victims of the Panauti area as requested by the Lions Club of Panauti. District Governor Dipak Krishna Prajapati, 1st Vice District Governor Dr. Kamal Bahadur Kayastha, Cabinet Secretary Prashant Pradhan, and Cabinet Treasurer Agni Bilas Adhikari were present at the meeting and decided to offer NRs 50,000.00(In Word Fifty thousand) support to two families of landslide victim. The district had also contributed NRs 140,000.00 (Rupees One hundred forty thousand) to construct a house for 2015 earthquake victim, sheltering cowshed. this project was led by Zone Chairperson Surendra Maka and Lios Club of Bhaktapur Kedareshwor.

Two more earthquakes were felt on the 3rd of October night with epicenters at Chainpur of Bajhang district, Sudurpaschim Province. The National Earthquake Monitoring and Research Centre, Lainchaur informed that earthquakes- one measuring 4.3 on the Richter scale and another measuring 3.9 on the Richter scale-were recorded at 10:52 pm and 12:23 am last night. The Centre further informed that on Tuesday afternoon an earthquake measuring 5.3 Richter scale had occurred in Bajhang with its epicenter at Talkot. On the same day, a 6.3 Richter scale quake jolted the district at 3:06 pm. It was followed by a 4.1 Richter scale tremor at 3:45 pm. The jolts were also felt in Kathmandu.
A person died while a dozen others got injured in the earthquake. Similarly, hundreds of houses were damaged in the quake.

District had contributed NRs.650,932.00 (Rupee six hundred fifty thousand nine hundred and thirty-two only) for the earthquake relief fund of Multiple District 325, Nepal.

Recently on request of Kathmandu Butwal Welfare Lions Club, the District had contributed NRs. 50,000.00 (Rupees Fifty thousand only) to support basic needs for wildfire victims of Arghakanchi District.

### District Governor's Club Visit

The District Governor's club visit holds significance in the context of the structured and supportive governance within the Lions Clubs. The governor visited clubs of the District for proper communication with the club, for guidance on club activities, and to offer support and guidance for the club's initiatives. It motivates the club to perform better.

### District Diabetes Week 2023 Program (12 to 18 November 2023)

Diabetes Week in the District proved to be a resounding success as various Lions Clubs within the district united in a collective effort to raise awareness and promote diabetes education and prevention. The week-long initiative, spanning from November 12 to 18, 2023, saw a multitude of activities orchestrated by Lions and Leo Clubs, all geared towards addressing the growing concerns associated with diabetes.

### District Cabinet Meetings

The district had already concluded three cabinet meetings, two in Kathmandu and one at Chitwan Nepal. All the Regular District Cabinet Meetings were focused on various aspects of district operations, including Service Projects, club involvement, Club status, elections, financial matters, and plans for awards and recognitions.

### 2nd Annual District Convention

The 2nd Annual District Convention of Lions International District 325 G, held in Nepal, commenced with a Necrology Ceremony to honor departed members. Notable figures like Melvin Jones and Matrika Prasad Koirala were remembered alongside other decreased Lions members. A two-minute silence concluded the ceremony.

The Inaugural Session featured dignitaries including District Governor Lion Dipak Krishna Prajapati, Chief Guest ID Lion Bal Krishna Burlakoti, and Member of Parliament Ganesh Parajuli. The agenda included customary proceedings like the national anthem, flag salute, and prayers for world peace. District Governor Prajapati outlined achievements, leadership programs, and community service initiatives, thanking participating clubs for their contributions.

election of upcoming leaders is a focused part of the convention, on elections, Dr. Kamal Bahadur Kayastha, Vidhan Joshi, and Uttam Prasad Kayastha were elected as District Governor, 1st Vice District Governor, and 2nd Vice District Governor, respectively. Leo District Council elections were also conducted, with successful candidates delivering speeches and receiving felicitations. elected leos

The Convention concluded with expressions of gratitude and congratulations from District Governor Prajapati, acknowledging the success of the event and the dedication of all involved. The 2nd Annual District Convention was adjourned, marking the culmination of a productive gathering of Lions and Leos in Nepal.

### Training Conducted by the District

Besides cabinet officers' schooling, and Club PVST Training, the District has organized other personal development training programs like the District Lions Leadership Program, Zone Chairperson Workshop training, District GAT Conclave, New Voice Symposium, etc. The training programs were coordinated by IPDG/LCIP Lion Uttam Prasad Jha and his team. So far, the District managed to conduct meaningful training during this period.

### Other Highlights & Service Programs

